# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मरिण गाउँपालिका, सिन्धुली

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

## *Serving the Nation*
## *and*
## *the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७

च.नं : ७७७

श्री मरिण गाउँपालीका,

सिन्धुली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या: २०७६।०७७ मिति : २०७६।०३।२५

च.नं : ९२९

श्री प्रमुखज्यू,

मरिण गाउँपालिका,

सिन्धुली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मरिण गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड २४ लाख ८ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४३ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.४ लाख ८० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ७४ लाख ४० हजार र पेश्की रु. १ करोड १ लाख ३४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना चौबिस (२४) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यकारिणी, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्यगल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

## मरिण गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**निकायको परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाँउपालीकाको मुख्य उद्देश्य रहेको छ। वागमती प्रदेशमा अवस्थित यस गाउँपालिका अर्न्तगत ७ वडा, ३२४.५५ वर्ग किलोमिटर क्षेत्रफल तथा २७८२२ जनसंख्या रहेको छ।

**स्थानीय सञ्चितकोष –** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :–

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **३२४६३३४४.७५** | १ | **खर्च** | **४०११९३६९६.६** |
| | क) संचित कोष मौज्दात | ३२११६५७३.७५ | १.१ | **आन्तरीक** | ३८०९३८७९.८८ |
| | ग) धरौटी | ३४६७७१ | १.२ | **केन्द्रीय सशर्त अनुदान** | ११९०८०८२१.८ |
| २ | **आन्तरिक आय** | **१६९८२४६१.७२** | १.३ | **संघीय समानीकरण** | ७४३५२२५८.५३ |
| | क) बहाल कर | १८००० | १.४ | **प्रदेश समानीकरण** | ७७५०४९३ |
| | ख) सेवा दस्तुर | ७३८५८५८.२५ | १.५ | **राजस्व बाँडफाड** | ६९८२१४०५.४६ |
| | ग) व्यवसाय दर्ता नवीकरण दस्तुर | ८७४४१२.७६ | १.६ | **स्थानीय पूर्वाधार विकास** | ११६२८४३३.६९ |
| | घ) भूमी तथा मालपोत कर | ११९६३२२.७५ | १.७ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | २७८८९२७.२ |
| | ङ) बहाल विटौरी | ८०००० | १.८ | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | २८०२२६०० |
| | च) दहत्तर बहत्तर शुल्क | ७४२७८६७.९६ | १.९ | **एल.जी.सी.डि.पि.** | ३०५००० |
| ३ | **वित्तीय हस्तान्तरण केन्द्र** | **३०१९२४६८०.१** | १.१० | **राष्ट्रपति चुरे संरक्षण विकास समिति** | २९६७०७९३.९५ |
| | क) वित्तीय समानीकरण अनुदान | ९७२००००० | १.११ | **संचित विदा तथा औषधोपचार** | २१४०६८९ |
| | ख) सशर्त अनुदान | १३७०३०००० | १.१२ | **प्रदेश सशर्त अनुदान** | १२६६९५३९.१५ |
| | ग) राजस्व बाँडफाँड | ६७६९४६८०.१३ | १.१३ | **हेल्भेटास** | ३९२७६०० |
| ४ | **प्रदेश सरकारबाट अनुदान** | **३६८९२६५५.५** | १.१४ | **झोलुंगे पुल** | ८६१२५४.९४ |
| | क) वित्तीय समानीकरण अनुदान | ७९६६००० | २ | **धरौटी फिर्ता** | ६९०००० |
| | ख) सशर्त अनुदान | १३५७९००० | ३ | **आन्तरिक आयतर्फ प्रदेश पठाईएको** | **२००००००** |
| | ग) एम्बुलेन्स खरिद | १६००००० | ४ | **को.ले.नि.का. फिर्ता** | **२३३४१८११.४** |
| | घ) राजस्व बाँडफाँड | १३७४७६५५.५ | | क) जेष्ठ नागरिक र सामाजिक सुरक्षा | २००७४०० |
| ५ | **स्थानीय पूर्वाधार विकास कार्यक्रम** | **१२००००००** | | ख) सशर्त अनुदान | १७९४९१७८.१९ |
| ६ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | **२७८८९२७.२** | | ग) स्थानीय पूर्वाधार विकास | ३७१५६६.३१ |
| ७ | **एल.जि.सी.डी.पी.** | **३०५०००** | | घ) राष्टपति चुरे संरक्षण विकास समिति | ५०४२०६.०५ |
| ८ | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | **३००३००००** | | ङ) प्रदेश सशर्त | २५०९४६०.८५ |
| ९ | **झोलुगें पुल** | **८६१२५४.९३** | ५ | **बैंक मौन्दात** | **४५७०३४१०.२३** |
| १० | **राष्ट्रपति चुरे संरक्षण कार्यक्रम** | **३०१७५०००** | | क) संचित कोष खाता | ४३३२९७३४.२३ |
| ११ | **हेलभेटास** | **३५६८०००** | | ख) धरौटी खाता | २३७३६७६ |
| १२ | **संचित वदिा तथा औषधोपचार** | **२१४०६८९** | | | |
| १३ | **धरौटी** | **२७१६९०५** | | | |
| | **जम्मा** | ४७२८४८९१८.२३ | | **जम्मा** | ४७२८४८९१८.२३ |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्ष श्रावण १ गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। साथै गाउँपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । गाउँपालिकाको आर्थिक विवरणको विश्लेषण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :–<br>● स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकरण गरेको देखिएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ७६(२) मा पालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वकृति भए वमोजिमको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।<br>● गाउँपालिकाले आ.व.२०७५।०७६को आर्थिक विवरण र खर्चको फाँटवारीमा खर्च शीर्षकगत बजेट बर्गीकरण गरेको देखिएन । खर्च शिर्षकगत बजेट वर्गीकरण नगर्दा कुन खर्च शिर्षकमा कति रकम खर्च भयो भन्ने एकिन गर्न सकिएन गाउँपालिकाले तोकिएको ढाँचामा आर्थिक विवरणहरु तयार पार्ने र खर्च शिर्षकगत बजेट बर्गीकरण गरी खर्च लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायअनुसार छन् ।<br>● गाउँपालिकाको जिन्सी सामानको एकीकृत विवरणमा कतिपय जिन्सी समानहरुको सहायक जिन्सी खाता बेगर वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखाईएको छ भने मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन ।<br>● कार्यालयले कार्यक्रमगत तथा योजनागत खाता नराखेको तथा गाउँपालिकाबाट संचालित कार्यक्रम, योजना संचालन तथा सेवा प्रवाह समेतको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको देखिएन् ।<br>● निजामती सेवा ऐन, २०४९ को दफा ५ क मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।<br>● सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>● आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) बमोजिम प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोबारको वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सो तयार पारेको देखिएन । | |

- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ८ बमोजिम खर्च भएको विल, रसिद, विल भरपाईमा सिलसिलेवार नम्वर राखी "भुक्तानी भएको" भन्ने छाप लगाई प्रमाणित गर्नु पर्ने र सोही नियमको उपनियम ५ मा तालिम, सेमिनार, गोष्ठी संचालन गर्दा कार्यक्रम लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्ने र कार्यक्रम समाप्त भए पछि खर्च विवरण सहित प्रतिवदेन तयार गर्नु पर्ने व्यवस्था भए अनुसार गर्नु पर्ने देखिन्छ ।

अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

३. **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा व्यवस्थित र अद्यावधिक अभिलेख व्यवस्थापन गर्नु पर्दछ ।

४. **वार्षिक खरिद योजना/ गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले वित्तीय समानीकरण लगायत बिभिन्न शीर्षकबाट यो वर्ष रु.११ करोड २४ लाख ९० हजारको पूर्वाधार तर्फको पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५. **सेवा प्रवाह स्थिति –** गाउँपालिका कार्यालयको यस वर्षको सेवा प्रवाह स्थिति देहाय अनुसार रहेको पाइयो :–

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ८४३ | ८४३ |
| २ | घरबाटो सिफारिस | ३२७ | ३२७ |
| ३ | नाता प्रमाणित | १८७ | १८७ |
| ४ | जन्म, मृत्यु दर्ता | १५५५ | १५५५ |
| ५ | अन्य | ३७०६ | ३७०६ |

६. **घर नक्शा पास र निर्माण कार्य सम्पन्न सम्बन्धी विवरण –** कार्यालयको यस वर्षको घर नक्शा पास तथा निर्माण कार्यको स्थिति देहाय अनुसार रहेको पाइयो :–

| क्र.सं. | घर नक्शा पासको निवेदन संख्या | अनुमति लिनेको संख्या | | कार्य सम्पन्न संख्या | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम चरण | दोस्रो चरण | गत विगत वर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा |
| १ | ६६ | ५९ | ४६ | | | |
| २ | भवन अभिलेखीकरण संख्या | | | | | ९ |

७. **क्षेत्रगत बजेट र खर्चको स्थिति:** यस नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ :–

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २६७०९८००/- | २०२,०३,१२०/- | ५.११ |
| २ | पूर्वाधार विकास | १३९६०६२२०/- | ११,२४,९०,३३९/४२ | २८.४८ |
| ३ | सामाजिक विकास | १९३०९८६७०/- | १७,६६,४६,१२७/९६ | ४४.७२ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ३३०६९०००/- | ३,२३,५६,८००/- | ८.१९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १३१९७२००/- | १०७,४३,३१७/५१ | २.७२ |
| ६ | अन्य आवश्यक क्षेत्र खुलाउने कार्यालय संचालन तथा प्रशासन | ५३८४१३२२/- | ४,२५,७८,१२०/५८ | १०.७८ |
| | **जम्मा** | **४५,९५,२२,२१२/-** | **३९,५०,१७,८२५/-** | **१००** |

८. **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थितिः** गाउँ सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको पाइयो :–

| क्र. स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक तथा पुल | ४७३,७६,०३२/- | ४५९,१६,७३६/९६ | ४१.२९ |
| २ | खानेपानी | १७६,७१,१६८/- | १७०,३५,९८२/- | १५.३२ |
| ३ | सिंचाई | ७५,८४,०००/- | ६७,०४,२५७/- | ६.०३ |
| ४ | भवन तथा शहरी विकास | ५,२९,४४,०२०/- | ४,०३,०३,९३३/४६ | ३६.२५ |
| ५ | अन्य | १२,४८,०००/- | १२,३६,४३०/- | १.११ |
| | | **जम्मा** | **०** | १०० |

९. **संगठन तथा जनशक्ति व्यवस्थापन** : स्थानीय सरकार संचालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम कर्मचारी समायोजन तथा पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा विभिन्न पदका ४१ दरबन्दी स्वीकृत रहेतापनि लेखापरीक्षण अवधि सम्म ३४ दरबन्दीमा पदपुर्ति भै ७ दरबन्दी रिक्त रहेको देखिन्छ । आन्तरिक श्रोतबाट १४ दरबन्दीमा कर्मचारी भर्ना गरी सेवा प्रवाह गरेको छ। दरबन्दी अनुसार पदपुर्ति नहुँदा गाउँपालिकाबाट सहज ढंगबाट सेवा प्रवाह हुन सक्ने अवस्था देखिँदैन । रिक्त दरबन्दीमा पदपुर्ति गरी सेवा प्रवाहलाई सहज बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१०. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२), (३) र दफा ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने भए नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७५/७६ को आन्तरिक लेखापरीक्षण गराएको पाइएन । अतः नियमानुसार आन्तरिक लेखापरीक्षण गराई वित्तीय व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ ।

११. **भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आवश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ। साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बिल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन भने भ्रमण प्रतिवेदन समेत पेश गर्ने गरेको देखिएन । साथै कार्यालयमा उपस्थित रहेको दिनमा समेत अनुगमन तथा भ्रमणमा खटिएको देखिन्छ । यसबाट अनुगमन तथा मुल्याङ्कनको प्रभावकारिता सम्बन्धमा यकिन गर्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।

१२. **उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही

| | | |
|---|---|---|
| | समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| १३. | **उपभोक्ता समिति दर्ता :** संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । गाउँपालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| १४. | **आयोजना हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानुपर्दछ । | |
| १५. | **खरिद कार्यमा प्रतिस्पर्धाको स्थिति :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा २४(ङ) मा आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(२) मा बोलपत्रदाताले सन्तोषजनक रुपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अंक उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेसिफिकेशन गलत रुपमा बुझि वा नबुझि अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेमा निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ । प्राप्त विवरण अनुसार कतिपय ठेक्कामा लागत अनुमान कै हाराहारी (०.०२ प्रतिशत घटी) र कतिपय ठेक्कामा अस्वाभाविक रुपमा न्यून कबोल अंक (३८.४० प्रतिशत सम्म घटी) पेश गरेको बोलपत्र स्वीकृत गरेको छ । उस्तै प्रकृतिको काम भएको ११ वटा ०.०२ देखी ३८.४ प्रतिशत घटीमा सम्झौता भएको देखियो । निर्माण कार्यको लागत अनुमान तयारी गर्दा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) लाई भन्दा आफ्नै ढंगले लागत अनुमान तयार पारेका कारण पनि लागत अनुमान फरक हुने गरेको पाइन्छ । त्यस्तै कानूनमा प्रथम चौमासिकभित्र ठेक्का समझौता गरीसक्नुपर्ने व्यवस्था भएपनि आर्थिक बर्षको अन्तमा एकैपटक भार पर्ने गरी ठेक्का सम्झौता गर्दा निर्माण व्यवशायीहरुले बढी मिलेमतो गरी बोलपत्र दर्ता गर्ने र कार्यालयबाट बिशेष मूल्यांकन गर्ने नगरिएको कारणले पनि ठेक्का व्यवस्थापनमा प्रतिस्पर्धा कम हुने गरेको पाइयो । यसरी कम प्रतिस्पर्धामा ठेक्का सम्झौता भएकोले कारण नेपाल सरकारलाई व्ययभार पर्ने र अस्वभाविक घटी अंकमा निर्माण कार्य गर्दा तोकिएको गुणस्तरमा काम सम्पन्न हुन नसक्ने अवस्था देखियो । निर्माण कार्यको लागत अनुमान तयारी देखि ठेक्का व्यवस्थापनसम्मको कार्य समयमै सम्पन्न गरी ठेक्का सम्झौता बढी प्रतिस्पर्धी, मितव्ययी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |

| क्र.सं. | निर्माण कार्य | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम | लागत अनुमानका तुलनामा घटी |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | मरिण बहुमुखी क्याम्पस ट्रस निर्माण | ३ | ३ | १४४० | १४१०.३९४ | २.०६ |
| २ | मरिण गा.पा. वडा नं. ६ मा ट्रस निर्माण | ३ | ३ | १६९७.७७ | १६३५.७३२ | १.३३ |
| ३ | मधुवनी कालीदोभान मोटरबाटो | १ | १ | ५००० | ४९५०.७८८ | ०.९८ |
| ४ | विशाल कुमार स्मृती मेमोरियल प्रतिष्ठान | २ | २ | ३८४०.३९३ | ३८३९.७१० | ०.०२ |
| ५ | खानेपानी पाइप खरिद | ३ | ३ | ९४०.६७८ | ९३३.४९७ | ०.७६ |
| ६ | भालुमारा आयुर्वेद ट्रस निर्माण | ३ | ३ | ११५२.०३२ | १०५८.९०९ | ८.०८ |
| ७ | गाउँपालिका भवन निर्माण | ३ | ३ | ४५००० | ४४२४४.७९६ | १७.२१ |
| ८ | वडा स्वास्थ्य सामुदायिक भवन निर्माण रातामाटा | ९ | ९ | ३८९०.१३१ | २८५०.७१३ | २६.७२ |
| ९ | वडा स्वास्थ्य सामुदायिक भवन निर्माण खयरसाल | ७ | ७ | ३८९०.१३१ | २८५८.११२ | २६.५३ |
| १० | वडा स्वास्थ्य सामुदायिक भवन निर्माण जयमङ्गल | १० | १० | ३८९०.१३१ | २३९६.३९३ | ३८.४० |
| ११ | मरिण गाउँपालिका गामिण विद्युतिकरण | ३ | ३ | ९३६४.९९१ | ९३६३.८५८ | ०.०१२ |

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजीगत तर्फ)

१६. **ज्याला तथा निर्माण सामग्रीको दररेट –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक समिति रहने, यस्तो दररेट निर्धारण गर्दा प्रचलित बजार दरलाई आधार लिनुपर्ने, हरेक वर्षको श्रावण महिनाभित्र त्यस्तो दररेट निर्धारण गरिसक्नुपर्ने र यसरी निर्धारित दररेटको सूचना प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्रका सबै कार्यालयहरुमा पठाई सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखापरीक्षकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रका कार्यालयलाई दिनुपर्ने व्यवस्था छ ।

यस गाउँपालिकाले सिन्धुली जिल्लाको दररेट निर्धारण समितिले तय गरेको दररेट प्रयोग नगरी गाउँ कार्यपालिकाको मिति २०७५।४।०७ को निर्णयानुसार आफ्नो पालिका क्षेत्रभित्र लागू हुने गरी छुट्टै दररेट निर्धारण गरेको पाइयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था रहेको भए तापनि अधिकांश निर्माण सामग्रीको दररेट जिल्ला दररेट निर्धारण समितिले तय गरेकोभन्दा बढी रहेको पाइयो । यस्तो दररेट निर्धारण गर्दा बजारमा प्रचलित दररेट, गत विगतको दररेट लगायतका पक्षलाई आधार लिने असल अभ्यास रहेको पाइन्छ । कार्यपालिकाले यस्तो दररेट निर्धारण गर्दा यस्ता पक्षलाई ध्यान दिन सकेको पाइएन । अतः निर्माण सामग्री तथा ज्यालाको दररेट निर्धारण गर्दा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

१७. **लागत सहभागिता –** मरिण गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" को दफा ७(३) मा उपभोक्ता समितिले कूल लागतको कम्तीमा २५ प्रतिशत लागत सहभागिता व्यहोर्नुपर्ने, जसमध्ये १० प्रतिशत नगद र १५ प्रतिशत श्रमदान गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यपालिकाले मिति २०७५।१०।१४ को निर्णयबाट लागत (नगद) सहभागिता सम्बन्धी प्रावधान खारेज गरी श्रमदानको व्यवस्था मात्र कायम गरेको पाइयो । जसले गर्दा यस वर्ष सञ्चालित योजनाहरुमा लागत सहभागिता शुन्य रहेको अवस्था छ । अतः लागत सहभागिता वापत लाभग्राही समुदायबाट उठाइएको रकम एक निश्चित कोषमा राख्ने वा त्रुटि सच्याउने अवधि पश्चात् मात्र फिर्ता गर्ने व्यवस्था हुनुपर्दछ ।

१८. **मर्मत सम्भार कोष –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै

| | | | |
|---|---|---|---|
| | कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै कार्यालयले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | | |
| १९. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | | |
| २०. | **निर्माण कार्यको गुणस्तर –** गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" को दफा १२ मा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुने, गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ :–<br>● स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने,<br>● कार्यालयसँग भएको सम्झौता बमोजिम निर्माण विधि र प्रकृयाको गुणस्तर कायम गर्नुपर्ने,<br>● उपभोक्ता समिति मार्फत् हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने,<br>● योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समिति सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने<br>उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर तथा दिगोपना कायम गर्ने सन्दर्भमा कार्यविधिले उपर्युक्तानुसारका व्यवस्था गरेको भए तापनि कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | | |
| २१. | **सडक नाला बायो-इञ्जिनियरिङ्ग सम्बन्धमा –** सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणी पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू-क्षय रोक्नका लागि बायो-इञ्जिनियरिङ्ग कार्य समेत गर्दै जानुपर्ने कार्यालयले सो तर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो-इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षात्मा सञ्चालनमा आउन नसक्ने, वर्षात्पछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू-क्षय तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ। अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ । | | |

| | | | |
|---|---|---|---|
| २२. | **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । | | |
| २३. | **फाराम तथा अनुसूचीहरुको प्रयोग –** गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" मा सार्वजनिक परीक्षण (अनुसूची ३), खर्च सार्वजनिक सूचना फाराम (अनुसूची ४), भौतिक तथा वित्तीय प्रगति (अनुसूची ६) लगायतका फाराम तथा अनुसूचीहरुको व्यवस्था गरिएको भए तापनि निर्माण कार्यको रनिङ्ग बिल तथा अन्तिम बिल भुक्तानी माग गर्दा उपभोक्ता समितिहरुले ती विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । कतिपय फारमहरु खाली नै राखी दस्तखत मात्र गरेर पेश गर्ने गरेको पाइयो । अतः यस्ता फाराम तथा अनुसूचीहरु पूर्ण रुपमा भरी आएपछि मात्र भुक्तानी हुने गरी सुदृढ आन्तरिक नियन्त्रणको व्यवस्था हुनुपर्दछ । | | |
| २४. | **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च –** महालेखा नियन्त्रक कार्यालयले २०७४ कार्तिकमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । तर कार्यालयले सो भन्दा फरक हुने गरी तालिम, प्रशिक्षण, सीप विकास, सचेतना अभिवृद्धि, पोशाक तथा भेषभुषा खरिद, ज्येष्ठ नागरिक, एकल महिला सम्मान, महिला स्वयंसेविका प्रोत्साहन जस्ता चालु प्रकृतिका कार्यक्रमहरु पनि पूँजीगत कार्यक्रममा समावेश गरी खर्च गरेको पाइयो । यसरी चालु/कार्य सञ्चालन प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । | | |
| २५. | **अनुत्पादक क्षेत्रमा लगानी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा गाउँपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, मन्दिर, गुम्बा निर्माण/मर्मत, खेलकुद मैदान जस्ता योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो ।<br>यस्ता अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ । | | |
| २६. | **घटी लम्बाइमा कार्य –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने साथै नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण गराएका कतिपय सडक निर्माण योजनाहरुमा लागत अनुमान तथा सम्झौतामा उल्लेख भएको लम्बाइभन्दा घटी लम्बाइमा सडक खन्ने कार्य (नयाँ ट्र्याक तथा सडक विस्तार समेत) भएको पाइयो । यसरी लम्बाइ घटे तापनि उक्त आइटमको कार्य परिमाण भने पुरै वा सोभन्दा बढी परिमाणको भुक्तानी गरेको पाइयो । कतिपय योजनामा नापी किताबमा चौडाइ वा उचाइ बढाएर तथा कतिपयमा चट्टानको परिमाण बढाउने र जसको कारणबाट पुरा लम्बाइमा सडक खन्ने कार्य नभएको अवस्थामा पनि सम्झौता अनुसारको पुरै रकम भुक्तानी भएको अवस्था छ । यसरी घटी लम्बाइमा बाटो कटिङको कार्य भएको अवस्थामा नमूना छनौट गरी परीक्षण गरिएका निम्नलिखित ७ योजनाहरुमा पुरै कार्य परिमाण वा काम भएको अनुपातमा बढी कार्य परिमाणको भुक्तानी दिएको सम्बन्धमा क्रस सेक्शन ड्रइङ्ग सहितको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने देखिएको रु. | ०/- | |

| सडक योजनाको नाम | लागत अनुमान/सम्झौता अनुसार | | नापी किताब अनुसार | | काम भएको लं. अनुसार हुने परिमाण (घ.मी.) | लम्बाइको अनुपातमा बढी परिमाण ( घ.मी.) | दर रु. | थप रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | कूल लम्बाई ( मी.) | एक्साभेशनको परिमाण (घ.मी.) | कूल लम्बाई (मी.) | एक्साभेशनको परिमाण ( घ.मी.) | | | | |
| जुटपानी खयरसाल सडक | १७४० | ५२२८ | १३८० | ५३८९ | ४१४६ | १२४४ | ६३/७८ | ७९३४२ |
| गँगटे च्याने फूलबारी | ८६० | ५७३५ | ७६० | ५८३७ | ५०६८ | ७६९ | ७१/९० | ५५२९१ |
| | २६०० | | २१४० | | | २०१३ | **जम्मा** | **१३४६३३/-** |

२७. **माटो र चट्टान काट्ने कार्यको अनुपात –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा चट्टानको अनुपात १५ देखि ५० प्रतिशतसम्म राखेको पाइयो । प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ । यस किसिमको प्रवृत्तिमा सुधार हुनुपर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन् :-

| योजनाको नाम | कूल रोड वे एक्साभेशनपरिमाण ( घ.मी.) | माटो, चट्टान अनुपात (प्रतिशत) | | | | एक्साभेशन दर रु. (प्रति घ.मी.) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नरम माटो | कडा माटो | नरम चट्टान | मध्यम/ कडा चट्टान | नरम माटो | कडा माटो | नरम चट्टान | मध्यम/कडा चट्टान |
| सुकेचुरी बरुण सडक निर्माण | ३४३८५ | ४० | ३५ | २० | ५ | ५९/८३ | ७१/९० | ९६/७६ | १४९/१२ |
| सखौरी दोभानदेखि सिमलदमार | १८९८० | ६५ | २० | १५ | - | ५९/८३ | ७१/९० | ९६/७६ | १४९/१२ |
| ठुलो गर्दुवा खलंगा बनखु सडक | ७२८९१ | ४५ | २० | २५ | १० | ५९/८३ | ७१/९० | ९६/७६ | १४९/१२ |
| मधुवन कालीखोला सडक | ५०१५७ | ४० | १० | २० | ३० | ५९/८३ | ७१/९० | ९६/७६ | १४९/१२ |

२८. **लम सम ढुवानी खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेट अनुसार दर विश्लेषण गरी आइटमको दर निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माणसँग सम्बन्धित विभिन्न योजनाको लागत अनुमान तयार गर्दा निर्माण सामग्री ढुवानी भनी केही निश्चत रकम लम सम (एक मुष्ट) मा राख्ने गरेको पाइयो । निर्माण सामग्रीको परिमाण, तौल तथा निर्माणस्थलसम्मको दुरीको आधारमा ढुवानी लागत तय गर्नुपर्ने वा निर्माणको आइटम दरमा नै ढुवानी लागत विश्लेषण गरी समावेश गर्नुपर्नेमा यसरी एकमुष्ट लागत समावेश गर्ने कार्य उपयुक्त नदेखिएकोले यसमा सुधार हुनुपर्दछ । लमसम ढुवानी लागत समावेश भएका केही उदाहरण निम्नानुसार छन् :–

| भौ.नं. /मिति | योजनाको नाम | कूल खर्च | ढुवानी रकम | प्रतिशत |
|---|---|---|---|---|
| वित्तीय समानीकरण<br>१४२-०७६/३/२० | घारी स्कुल टोल खानेपानी योजना | ६७२,०००/- | १५,०००/- | २.२३ |
| ११५-०७६/३/१५ | इ.प्र.का. कम्पाउण्ड वाल | ५००,०००/- | ७५००/- | १.५ |
| आन्तरिक कोष<br>४१-०७६/३/१० | अढुवा खानेपानी योजना | २४०,०००/- | १४,७००/- | ६.१३ |
| ४६-०७६/३/१२ | अमले भञ्ज्याङ्ग खानेपानी योजना | ७६८,०००/- | २२,२००/- | २.८९ |

२९. भौ.नं. १४४-०७६/३/२१

| | | |
|---|---|---|
| | <u>**विशाल–कुमार स्मृति प्रतिष्ठान**</u><br>उक्त प्रतिष्ठानको भवन गर्न यस वर्ष रु. ३८,४०,०००/- (मू.अ.कर सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये घटी अंक रु. ३८,३९,७१०/- (०.०२ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री नमोबुद्ध निर्माण सेवा**सँग उक्त कार्य २०७६/३/२५ भित्र सम्पन्न गर्ने गरीसम्झौता भई निर्माण व्यवसायीलाई यस वर्ष प्रथम रनिङ्ग बिल वापत रु. ७२४,१८४/- (मू.अ.कर सहित) भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखियो :– | |
| २९.१. | <u>भौ.नं. ८९-०७६/२/२७</u><br>**पेश्की जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (३) र(४) मा निर्माण व्यवसायीलाइ पेश्की दिंदा त्यस्तो पेश्की रकम खाम्ने गरी वाणिज्य बैंकबाट जारी भएको जमानत लिनुपर्ने र त्यस्तो जमानतको मान्य अवधि पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढीको हुनुपर्ने उल्लेख छ ।<br>कार्यालयले उक्त भवन निर्माणका निर्माण व्यवसायीलाई मोबिलाइजेशन पेश्की वापत रु. ६६८,०००।– पेश्की प्रदान गरेकोमा रु. ६ लाखको मात्र पेश्की जमानत लिएको पाइएको, पेश्की जमानतको म्याद २०७६ आषाढ मसान्तसम्म मात्र रहेकोमा प्रथम रनिङ्गको बिलको भुक्तानी गर्दा उक्त पेश्की कट्टा नगरी भुक्तानी गरेको पाइयो । अतः पेश्की जमानतको रकम तथा अवधि समेत थप गराएको प्रमाण पेश हुनु पर्दछ । | |
| २९.२. | उक्त भवन निर्माण कार्यको सम्झौताको म्याद २०७६/३/२५ सम्म मात्र रहेकोमा उक्त अवधिमा प्रथम रनिङ्ग बिल (रु. ७२४,१८४/-) मात्र पेश हुन आएको देखियो । यसरी कार्य सम्पन्न गरिसक्नुपर्ने अवधिमा १८.८६ प्रतिशत मात्र कार्य प्रगति भएको पाइएकोले सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौता अनुसार पूर्व निर्धारित क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउनुपर्दछ । | |
| २९.३. | **घटी अवधिको कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । उक्त भवन निर्माण सम्झौताको म्याद २०७६।३।२५ सम्म सम्म रहेको र त्रुटि सच्याउने दायित्वको अवधि १ वर्ष रहेको आधारमा निर्माण व्यवसायीले २०७७।४।२४ सम्मको जमानत पेश गर्नुपर्नेमा २०७७।३।८ सम्म मात्र म्याद रहेको रु. १९२,०००/- को जमानत पेश गरेको पाइयो । जस अनुसार आवश्यक पर्ने भन्दा करिब १.५ महिना घटी अवधिको जमानत पेश भएकोले नियमानुसार त्रुटि सच्याउने अवधि र थप एक महिनासम्म कभर भएको जमानत पेश हुनुपर्दछ । | |
| ३०. | <u>भौ.नं. १०४-०७६/३/४, १३५-०७६/३/१६</u><br><u>**ठूलो गर्दुवा–खलंगा र खलंगा–वनखु मोटर बाटो**</u><br>उक्त सडक योजनाको लागि यस वर्ष रु. ७४,४३,४३०/- को लागत अनुमान तयार गरी सोमध्ये रु. ६३,२६,०००। गाउँपालिकाले व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरी यस वर्ष २ वटा बिलबाट रु. ६१,९६,०००/- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :– | |
| ३०.१. | **स्वीकृत डि.पि.आर. अनुसार नभएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत ड्इङ्ग/डिजाइन तथा लागत अनुमान अनुसार निर्माण कार्य हुनुपर्दछ । कार्यालयबाट उक्त सडकको डि.पि.आर. वापत एस.एस इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. लाई रु. ८,७३,०००।- भुक्तानी भएको छ । उक्त सर्वे, डि.पि.आर. अनुसार उक्त सडक खण्डमा सफ्ट स्वायल ७० प्रतिशत र हार्ड/बोल्डर मिक्स्ड स्वायल ३० प्रतिशत रहेकोमा कार्यालयले उक्त अनुपात परिवर्तन गरी कडा तथा नरम चट्टान थप गरी सो को अनुपात ३५ प्रतिशत राखेको पाइयो । यसै वर्ष भएको सर्वे, डि.पि.आर.बाट निर्धारण भएको माटोको वर्गीकरणभन्दा फरक हुने गरी नापी किताब तथा बिलमा चट्टान कटिङ्गको मात्रा थप गरेको कारणबाट उक्त सडक योजनाको कार्यमा देहाय अनुसार प्रति घ.मी. माटो कटिङ्ग कार्यमा रु. १६।९७ का दरले थप लागत पर्न गई ७३०२७.२० घ.मी. कार्य हुँदा रु. १२,३९,२७२।- थप व्ययभार | १२,३९,२७२/- |

पारेको देखिएको साथै डि.पि.आर.को लागि भएको उक्त खर्च समेत औचित्यहीन देखिएकोले यस सम्बन्धमा छानविन गरी बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.

| कूल कटिङ्ग परिमाण (घ.मी.) | Type of Soil | डि.पि.आर. अनुसारको अनुपात (%) | भारित औसत एक्साभेशन दर रु. | नापी किताब/बिलमा राखेको अनुपात (%) | भुक्तानी भएको भारित औसत दर रु. | फरक दर रु. |
|---|---|---|---|---|---|---|
| ७३०२७.२० | Soft Soil | ७० | ६३/४१ | ४५ | ८०/३८ | १६/९७ |
| | Hard/BM Soil | ३० | | २० | | |
| | Soft Rock | - | | २५ | | |
| | Hard/Medium Rock | - | | १० | | |

३०.२. **ट्र्याक परिवर्तन –** स्वीकृत ड्रइङ्ग/डिजाइन तथा डि.पि.आर. अनुसार निर्माण कार्य हुनुपर्नेमा कार्यालयले उक्त सडक खण्डको नयाँ ट्र्याक खोल्ने कार्य गर्दा ४०० मीटर लम्बाइमा स्वीकृत रेखांकनभन्दा फरक गरी ट्र्याक परिवर्तन गरेको पाइयो । सार्वजनिक खरिद ऐन, नियमानुसार स्वीकृत रेखांकनभन्दा फरक हुने गरी कार्य गराएकोमा लागत अनुमान तथा ड्रइङ्ग/डिजाइन संशोधन समेत नगरी गरिएको ट्र्याक परिवर्तन उचित देखिएन ।

३१. भौ.नं. ३६, ४१, ७१, १३१-०७६/३/१६

## सुकेचुरी–बरुण–भलायो क्यान सडक निर्माण

उक्त सडक योजनाको लागि यस वर्ष रु. ७३,१९,६८६/- को लागत अनुमान तयार गरी सोमध्ये रु. ६१,९४,०००। गाउँपालिकाले व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरी यस वर्ष २ वटा बिलबाट रु. ६१,९४,०००/- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :–

३१.१. **स्वीकृत डि.पि.आर. अनुसार नभएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत ड्रइङ्ग/डिजाइन तथा लागत अनुमान अनुसार निर्माण कार्य हुनुपर्दछ । कार्यालयबाट उक्त सडकको डि.पि.आर. वापत एस.एस इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. लाई रु. ९,९८,०००।- भुक्तानी भएको छ । उक्त सर्वे, डि.पि.आर. अनुसार उक्त सडक खण्डमा सफ्ट स्वायल ५० प्रतिशत र हार्ड/बोल्डर मिक्स्ड स्वायल ५० प्रतिशत रहेकोमा कार्यालयले उक्त अनुपात परिवर्तन गरी नरम चट्टान थप गरी सो को अनुपात १० प्रतिशत राखेको पाइयो । यसै वर्ष भएको सर्वे, डि.पि.आर.को वर्गीकरणभन्दा फरक हुने गरी नापी किताब तथा बिलमा चट्टान कटिङ्गको मात्रा थप गरेको कारणबाट उक्त सडक योजनाको कार्यमा देहाय अनुसार प्रति घ.मी. माटो कटिङ्ग कार्यमा रु. ५।०७ का दरले थप लागत पर्न गई ३६१२६.३० घ.मी. कार्य हुँदा रु. १८३,१६०।- थप व्ययभार पारेको देखिएकोले यस सम्बन्धमा छानविन गरी बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. १,८३,१६०/-

| कूल कटिङ्ग परिमाण (घ.मी.) | Type of Soil | डि.पि.आर. अनुसारको अनुपात (%) | भारित औसत एक्साभेशन दर रु. | नापी किताब/बिल अनुसारको अनुपात (%) | भुक्तानी भएको भारित औसत दर रु. | फरक दर रु. |
|---|---|---|---|---|---|---|
| ३६१२६.३० | Soft Soil | ५० | ६३/४१ | ६५ | ८०/३८ | ५/०७ |
| | Hard/BM Soil | ५० | | २५ | | |
| | Soft Rock | - | | - | | |
| | Hard/Medium Rock | - | | १० | | |

३२. भौ.नं. १६०-०७६/३/२९

## गाउँपालिका भवन निर्माण

गाउँपालिका केन्द्र कपिलाकोटमा कार्यालय भवन निर्माण गर्न यस वर्ष रु. ५३४,३९,७६५/-(मू.अ.कर बाहेक) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका २ बोलपत्रमध्ये घटी अंक रु. ४४२,४४७६९/- (१७.२१ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री अनक कन्स्ट्रक्शन**सँग उक्त कार्य १८ महिना (२०७७९।२५) भित्र सम्पन्न गर्ने गरी मिति २०७६/३/२६ मा सम्झौता भई निर्माण व्यवसायीलाई यस वर्ष मोबिलाइजेशन पेश्की वापत रु. ८६,००,०००/- भुक्तानी भएको छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :–

| | | |
|---|---|---|
| ३२.१. | **फलामे डण्डीको थप परिमाण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स तथा दररेट निर्धारण समितिले निर्धारण गरेको निर्माण सामग्री र ज्यालाको दर रेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले फलामे डण्डीको परिमाण गणना गर्दा बार शेड्यूल सहितको विस्तृत गणना नगरी कंक्रिट (पि.सी.सी. फर आर.सि.सी) परिमाणलाई आधार लिई एक मुष्ट (Lump Sum) परिमाण निर्धारण गरेको पाइयो । नेपाल सरकारबाट स्वीकृत नर्म्स अनुसार भवन निर्माण कार्यमा पि.सी.सी. परिमाण (तौल) को १ देखि १.५ प्रतिशतसम्म राख्ने अभ्यास रहेको र गाउँ कार्यपालिका कार्यालयबाट यसै वर्ष सम्पन्न कमर्सियल भवनमा समेत डण्डीको परिमाण गाणना गर्दा १.५ प्रतिशतलाई आधार लिई गरेको छ । तर यस भवनको लागि डण्डीको परिमाण गणना गर्दा पि.सी.सी. परिमाण को २.०८६५ प्रतिशत राखेको पाइयो । यसरी उस्तै प्रकृतिको कार्यमा फरक मापदण्ड अपनाई परिमाण गणना गरेको कारणबाट यस भवन निर्माण कार्यको गरी बि.ओ.क्यू. मा देहाय अनुसार ३३,४८९ के.जी. बढी फलामे डण्डीको परिमाण समावेश भएको छ । सम्झौताको बि.ओ.क्यू. मा समावेश भएको परिमाण अनुसार नै निर्माण व्यवसायीलाई भुक्तानी हुने हुँदा देहाय अनुसार रु. २५,६९,६७९/- थप लागत समावेश भएको सम्बन्धमा छानविन गरी उक्त अनुपातमा डण्डीको परिमाण समावेश गर्न मिल्ने आधार तथा प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने देखिएको रु. | २५,६९,६७९/- |

| **कंक्रिटको परिमाण (घ.मी.)** | **कंक्रिट परिमाणको १.५ प्रतिशतले हुन आउने परिमाण** | **बि.ओ.क्यू. मा राखेको परिमाण (२.०८६५%)** | **थप परिमाण (के.जी.)** | **सम्झौता अनुसारको दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| ५४१.८४ | ५४१.८४*०.०१५*७८५० = ६३८०२ के.जी. | ५४१.८४*०.०२०८६५*७८५० = ८८७५० के.जी. | २४९४८ | १०३/- | २५,६९,६७९/- |

| | | |
|---|---|---|
| ३२.२. | **घटी रकमको कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा लागत अनुमानको तुलनामा १५ प्रतिशतभन्दा बढी घटेर ठेक्का कबोल गरेको अवस्थामा सोभन्दा बढी घटेजति रकमको ५० प्रतिशत थप जमानत लिनुपर्ने व्यवस्था छ । उक्त भवन निर्माण कार्यको लागत अनुमान रु. ५३४,३९,७६५/- तथा सम्झौता अंक रु. ४४२,४४७६९/- भएको आधारमा कबोल अंकको ५ प्रतिशतले हुने रु. २२,१२,२४०। तथा थप जमानत रु. ५८९,५०२। समेत जम्मा रु. २८,०१,१७४।- को कार्यसम्पादन जमानत लिनुपर्नेमा रु. २५,३०,०००। को मात्र जमानत लिएको पाइएकोले नपुग रकमको थप जमानत लिनुपर्ने रु. | २,७१,२४०/- |
| ३२.३. | **गुणस्तर आश्वस्तता –** निर्माण व्यवसायीसँग भएको सम्झौताको GCC को दफा ४२ मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technial Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan (QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या (Volume and Frequncy) मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरुको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ । निर्माणसँग व्यवसायीले भएको सम्झौतामा त्यस्तो Quality Assurance Plan संलग्न गरेको पाइएन । अतः उक्त डकुमेण्ट्स पेश गर्न लगाउने तथा निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने व्यवस्था मिलाई निर्माण कार्यमा आवश्यक गुणस्तर कायम गर्नुपर्दछ । | |
| ३३. | भौ.नं. १६०-०७६/३/२९<br>**कमर्सियल भवन (बजार भवन) निर्माण**<br>गाउँपालिका केन्द्र कपिलाकोटमा कमर्सियल भवन निर्माण गर्न गत आ.व.मा रु. ९५४४०९८९/- (मू.अ.कर सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये घटी अंक रु. ९४१९५६९/- (१.३० प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री विक्रम/प्रतिभा/नमोबुद्ध जे.भी.**सँग उक्त कार्य २ महिना (२०७५।३।२५) भित्र सम्पन्न गर्ने गरी मिति २०७५/१/२६ मा सम्झौता भई निर्माण व्यवसायीलाई यस वर्ष दोस्रो र तेस्रो/अन्तिम बिल वापत रु. ६१,८२,०१३/- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :– | |
| ३३.१. | **ल्याब रिपोर्ट बेगर ल्याब टेष्टको भुक्तानी –** निर्माण व्यवसायीसँग भएको सम्झौताको GCC को दफा ४२ मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technial Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan (QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या (Volume and Frequncy) मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरुको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीबाट | |

<table>
<tr><td></td><td>निर्माण सामग्री तथा कंक्रिटको क्युब टेष्ट रिपोर्ट पेश भएको पाइएन । यसरी ल्याब टेष्ट रिपोर्ट पेश नभएको अवस्थामा सो को लागि बि.ओ.क्यू. मा व्यवस्था गरिएको तर ल्याब टेष्ट कार्य नगरि भूक्तानी गरिएको रकम रु. १ लाख रकम असूल हुनुपर्ने साथै त्यस्तो रिपोर्ट बेगर निर्मित भवनको गुणस्तर सम्बन्धमा समेत यकिन गर्न सकिने अवस्था नरहेको रु.</td><td>१००,०००/-</td></tr>
<tr><td>३३.२.</td><td>बढी बीमा शुल्क भुक्तानी – बीमा सम्बन्धी व्यवस्था प्रोभिजनल सम (पि.एस.) आइटममा राखेको देखिन्छ । पि.एस. आइटमको भुक्तानी निर्माण व्यवसायीबाट पेश भएको बिल, बिजकको आधारमा गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले बीमा शुल्क वापत रु. १५,४६२। तिरेको बिल, भर्पाई पेश गरेको देखिएकोमा सो वापतको पुरै रकम रु. ८३,०००। भुक्तानी गरेको पाइयो । अतः बिल, भर्पाईभन्दा बढी भुक्तानी गरेको रकम असूल हुनुपर्ने रु.</td><td>६७,५४४/-</td></tr>
<tr><td>३३.३.</td><td>फलामे डण्डीको थप परिमाण – कार्यालयले फलामे डण्डीको परिमाण गणना गर्दा बार शेड्यूल सहितको विस्तृत गणना नगरी कंक्रिट (पि.सी.सी. फर आर.सि.सी) परिमाणको १.५ प्रतिशतले हुने एक मुष्ट ( Lump Sum) परिमाण निर्धारण गरेको पाइयो । त्यसरी गणना गरेको परिमाणमा १४६६५ को १० प्रतिशत अतिरिक्तले हुने १४४६ के.जी. डण्डीको परिमाण थप गरेको पाइयो । यसरी विस्तृत गणना नगरी नापी किताबमा एक मुष्ट परिमाण चढाउएको अवस्थामा थप १० प्रतिशत अतिरिक्त डण्डीको परिमाण समावेश गर्न मिल्ने आधार पेश हुनुपर्ने अन्यथा थप परिमाण प्रति के.जी. रु. ११०।- का दरले हुने रकम असूल हुनुपर्ने रु.</td><td>१,६१,२६०/-</td></tr>
<tr><td>३३.४.</td><td>एज बिल्ट ड्रइङ्ग पेश नभएको – निर्माण व्यवसायीसँग भएको सम्झौताको GCC 56.2 मा निर्माण सम्पन्न भएको ३० दिनभित्र निर्माण व्यवसायीले एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने व्यवस्था रहेको र सो अनुसार उक्त ड्रइङ्ग पेश नगरेमा रु. १ लाख रोक्का राख्ने उल्लेख छ । सो व्यवस्था अनुसार निर्माण व्यवसायीले एज बिल्ट ड्रइङ्ग पेश गरेको नपाइएकोले उक्त ड्रइङ्ग पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.</td><td>१००,०००/-</td></tr>
<tr><td>३४.</td><td><u>भौ.नं. १५६-०७६/३/२९</u><br>काम टुक्रा पारी सोझै खरिद – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा सार्वजनिक खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले गाउँपालिका कमर्सियल भवनमा वाइरिङ्ग तथा प्लम्बिङ्गको कार्य विभिन्न ३ वटा फर्मबाट सोझै खरिद विधिबाट गराई देहाय अनुसार रु. १०,४९,३७३।- खर्च लेखेको पाइयो । उक्त कार्य भवनको ठेक्का प्याकेजमै समावेश गर्नुपर्नेमा छुट भएको भनी विभिन्न ३ फर्मबाट गराएकोमा उक्त छुट कार्यलाई एउटै प्याकेज बनाई सिलबन्दी दरभाउपत्रबाट गराउन सक्ने अवस्था रहेकोमा प्रतिस्पर्धा सीमित हुने गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>सि. नं.</th><th>निर्माण व्यवसायीको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>१</td><td>प्रतिभा कन्स्ट्रक्शन</td><td>शौचालय तथा अन्य</td><td>४५१,९८७/-</td></tr>
<tr><td>२</td><td>एस. एन. कन्स्ट्रक्शन</td><td>सेप्टिक ट्यांक</td><td>४१०,७३७/-</td></tr>
<tr><td>३</td><td>मेनुका श्रेष्ठ सप्लायर्स</td><td>इलेक्ट्रिफिकेशन</td><td>१८६,६५०/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>०/-</td></tr>
</table></td><td>१०,४९,३७४/-</td></tr>
<tr><td>३५.</td><td><u>भौ.नं. ०३-०७५/६/१९</u> लागत अनुमान, टेण्डर डकुमेण्ट तथा सम्झौता पेश नभएको – मथौली बर्थिङ्ग सेण्टर निर्माण कार्यका निर्माण व्यवसायी श्री जगतमैया/नमोबुद्ध जे.भी. लाई यस वर्ष अन्तिम बिल वापत रु. १०,२१,३७९।१३ भुक्तानी भएको र गत आ.व.मा अघिल्लो बिलबाट ६८४,१५७।- भुक्तानी भएको देखिन्छ । उक्त योजनाको स्वीकृत लागत अनुमान, बोलपत्र प्रक्रिया, सम्झौता लगायतका खर्चका माणकागजात लेखापरीक्षणका लागि पेश हुन नआएको रु.</td><td>१०,२१,३७९/१३</td></tr>
<tr><td>३६.</td><td>बढी भुक्तानी – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । साथै लागत अनुमान तयार गर्दा निर्माण सामग्री तथा ज्यालाको दर नियम १४८ अनुसार गठित दररेट निर्धारण समितिले निर्धारण गरे अनुसारको दर राखी गर्नुपर्दछ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :–</td><td></td></tr>
<tr><td>३६.१.</td><td><u>१०१-०७६/३/०३</u><br>बडी मुहान लक्षित समूह भवन निर्माण उपभोक्ता समितिलाई रु. ९,६०,०००। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा मेशिन मेड ईँटाको गाह्रो (१:४) को दर प्रति घ.मी. रु. १६,७८३।०३ रहेकोमा रु. १७,८३१।५६</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | का दरले भुक्तानी गरेको पाइयो । उक्त कार्य १२.६२ घ.मी. हुँदा प्रति घ.मी. रु. १०४८।५६ का दरले रु. १३,२३३।- बढी भुक्तानी भएको पाइएकाले असूल हुनुपर्ने रु. | १३,२३३/- |
| ३६.२. | ९३-०७६/३/१५ (राजस्व बाँडफाँड तर्फ)<br>**ठूलो गरगरे तोरीबारी सिंचाइ योजना** उपभोक्ता समितिलाई रु. १९२,०००। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा संलग्न बिल, भर्पाई अनुसार २०० एम.एम. साइजको एच.डी.पी. पाइप १११ र.मी. खरिद भएको देखिन्छ। तर नापी किताब तथा प्राविधिक बिलमा ११७ र.मी. राखी भुक्तानी भएको पाइएकाले ६ मी. बढी परिमाणको प्रति र.मी. रु. १७३०।४८ का दरले रु. १०,३८३३।- बढी भुक्तानी भएको पाइएकाले असूल हुनुपर्ने रु. | १०,३८३/- |
| ३७. | **परामर्श सेवामा थप ओभरहेड –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम (४) सँग सम्बन्धित अनुसूची १क (परामर्श सेवाको लागत अनुमानको ढाँचा) अनुसार जनशक्तिको पारिश्रमिक, भ्रमण, बसोबास, मालसामान वा उपकरण, तालिम, गोष्ठी छपाई, मसलन्द लगायतको कूल लागत गणना पछि सो को ५ प्रतिशतले हुन आउने रकम व्यवस्थापन खर्च वापत समावेश गर्न पाउने व्यवस्था छ। तर कार्यालयले सडक, पुल, भवन तथा अन्य संरचनाको सर्वे, डि.पि.आर., गुरु योजना, ड्रइङ्ग/डिजाइन कार्यको लागत अनुमान तयार गर्दा त्यस्तो खर्च वापत १५ प्रतिशत राखेको र सोही आधारमा सम्झौता भई ओभरहेड वापत थप १० प्रतिशत भुक्तानी भएको छ। अतः नियममा उल्लेख भएभन्दा बढी भुक्तानी भएको देहाय अनुसारको रकम असूल हुनुपर्ने रु. | ६,६९,७०९०/- |

| भौ.नं./मिति | सर्वे, डि.पि.आर. भएको योजनाको नाम | परामर्शदाताको नाम | भुक्तानी रु. | ओभरहेड वापतको रकम (१५%) | थप ओभरहेड रु. (१०%) |
|---|---|---|---|---|---|
| १८-०७५/८/२६ | ठुलो गर्दुवा खलंगा र चुकेचुरी बरुण सडकको डि.पि.आर. | एस.एस इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | १८७१,२८०/- | २८२,६१३/- | १८८,४०९/- |
| १४३-०७६/३/२१ | पञ्चकन्या शहिद स्मारक पार्कको डि.पि.आर. | स्वामा इञ्जिनियरिङ्ग एण्ड रियलस्टेट प्रा.लि. | ९९४,४००/- | ११४,५००/- | ७६,५२२/- |
| राजस्व बाँडफाँड १५-०७५/११/९ | मरिण एकीकृत घनावस्तीको भौतिक विकास योजना तयारी | मल्ला एण्ड ग्रुप इञ्जिनियरिङ्ग एसो. प्रा.लि. | ४९८,५००/- | ५७,५४०/- | ३८,३६०/- |
| १३०-०७६/३/२९ | सुकेचुरी बरुण (II) र ठुलो गर्दवा खलंगा कात्तिके सडकको डि.पि.आर. | रिलेटिभिटी इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ६६६,११०/- | ७६,८८७/- | ५१,२५८/- |
| प्रदेश सशर्त ३-०७६/३/१६ | कार्यालय भवनको डि.पि.आर./ड्रइङ्ग | डिप इञ्जिनियरिङ्ग कन्सल्ट एण्ड रिसर्च प्रा.लि. | ९८९,८८०/- | ११६२८३/- | ७७,५२२/- |
| आन्तरिक कोष ७६-०७६/३/२१ | वडा नं. ४ खानेपानी योजनाहरुको डि.पि.आर. | कमलामाई इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ११,०६,०८०/- | १२७,६७४/- | ८५,११६/- |
| स्थानीय पूर्वाधार ४-०७६/३/२१ | टुँडीखेल तेर्से सिर्थौली रातमाटा लिम्बुटार हरिहरपुर गढी सडक | मूनलाइट सोलुशन, भक्तपुर | १९९३३२०/- | २२८,७८३ | १५२५२२/- |
| | | **जम्मा** | | | **०६६९,७०९/-** |

| | | |
|---|---|---|
| ३८. | **नन फाइलर (मू.अ.कर विवरण दाखिला नगरेको) –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न सडक योजना निर्माण कार्यमा प्रयोग भएका मेशिनरी उपकरणको भाडा वापत देहायका फर्मलाई उपभोक्ता समिति मार्फत् भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर (PAN) सर्च गर्दा उक्त फर्महरु नन फाइलर रहेको (मू.अ.कर विवरण दाखिला नगरेको) पाइयो। अतः निम्नानुसार भुक्तानी भएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु. | ०८२,४९५/- |

| गो.भौ.न./मिति | योजनाको नाम | फर्मको नाम | स्थायी लेखा नम्बर | Non Filer Since | मू. अ. कर रकम |
|---|---|---|---|---|---|
| ३६-०७५/११/३०० | सुकेचरी बरुण भलायो क्यान हरिवन सडक निर्माण | प्रख्यात कन्स्ट्रक्शन | ६०६९०५३५२ | 2075/M/11 | २१५४१४ |
| ४१-०७५/११/२३ | सुकेचरी बरुण भलायो क्यान हरिवन सडक निर्माण | प्रख्यात कन्स्ट्रक्शन | ६०६९०५३५२ | 2075/M/11 | ९५९०५ |
| ६१-०७६/१/१३ | बाह्रबिसे जयमंगल स्कुल बाटो | योञ्जन कन्स्ट्रक्शन | ६०४३५२२६४ | 2076/M/3 | ३०४२० |
| ७०-०७६/१/३० | प्रा.वि. भुँडीफोरा फिल्ड निर्माण | प्रख्यात कन्स्ट्रक्शन | ६०६९०५३५२ | 2075/M/11 | १२५९७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८१-०७६/२/१४ | भोक्टेनी मोटर बाटो | पृथ्वी निर्माण सेवा | ६०६९०१२१५ | 2076/M/3 | ३५८८० |
| ९५-०७६/३/०१ | सिन्दुरे दोभानदेखि रातमाटा | समाज कन्स्ट्रक्शन | ६०६६३०८५२ | 2076/M/2 | १३१५६० |
| १०८-०७६/३/७ | तान लगाउने मेशिन | हलेसीश्वर महादेव ग्रिल | ६०११३७८८२ | 2075/M/12 | २०८०० |
| १०४-०७६/३/४ | ठुलो गर्दुवा खलंगा, खलंगा बनखु सडक | मरिण कन्स्ट्रक्शन | ६०५९३१७१६ | 2075/M/11 | ४८०००० |
| १०४-०७६/३/४ | ठुलो गर्दुवा खलंगा, खलंगा बनखु सडक | प्रख्यात कन्स्ट्रक्शन | ६०६९०५३५२ | 2075/M/11 | ३२६५०८ |
| आन्तरिक कोष<br>५१-०७६/३/१६ | गँगटे खारखोला चिसापानी सडक | मरिण कन्स्ट्रक्शन | ६०५९३१७१६ | 2075/M/11 | १९५३६ |
| ५२-०७६/३/१६ | मरुवा जमुने कौगरे आधामारा | मरिण कन्स्ट्रक्शन | ६०५९३१७१६ | 2075/M/11 | १४५०८ |
| ५३-०७६/३/१६ | खारखोला दलित टोल | मरिण कन्स्ट्रक्शन | ६०५९३१७१६ | 2075/M/11 | १९७३९ |
| ५४-०७६/३/१६ | मौरीदमार गाईदमार साततले | मरिण कन्स्ट्रक्शन | ६०५९३१७१६ | 2075/M/11 | ३३१९२ |
| राजस्व बाँडफाँड<br>५६-०७६/२/२६ | सबमर्सिबल पम्प १६ थान | रञ्जितकार इण्टरप्राइजेज | ६०१००२२३२ | 2076/M/2 | ४६४३६ |
| | | | **जम्मा** | | **१४८२४९५१४८२ ४९५/-** |

**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ**

३९. ०५-०७६/३/२० **बढी परिमाणको भुक्तानी –**
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ।

**मधुवन–कालीखोला सडक** निर्माणको लागत अनुमान मू.अ. कर सहित रु. ५० लाख रहेकोमा बोलपत्रमा भाग लिने एक मात्र बोलपत्रदाता श्री पि.टि.आर. कन्स्ट्रक्शन, भक्तपुरसँग रु. ४९,५०,७८८।- मा सम्झौता भएको देखिन्छ । लागत अनुमान तथा सम्झौता अनुसार सडक स्तरोन्नति तथा ब्याक कटिङ्गको कार्य ४ कि.मी. लम्बाइमा गर्नुपर्नेमा उक्त योजनाको नापी किताब अनुसार ३.५८० कि.मी. मा मात्र ४२० मीटर घटी गरेको पाइयो । पुरा लम्बाइमा काम नभएकै अवस्थामा ठेक्का फरफारक गरेको पाइयो । काम भएको लम्बाइको आधारमा निम्नानुसार ३१७० घ.मी. बढी परिमाणको प्रति घ.मी. रु. ८२५० (विभिन्न प्रकारका माटो कटिङ्गको भारित औसत दर) का दरले बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. २६१,५००/-

| लागत अनुमान/सम्झौता अनुसार | | नापी किताब अनुसार | | काम भएको लं. अनुसार हुने परिमाण (घ.मी.) | लम्बाइको अनुपातमा बढी परिमाण (घ.मी.) | दर रु. | थ प रकम रु. |
|---|---|---|---|---|---|---|---|
| कूल लम्बाई (मी.) | एक्साभेशनको परिमाण (घ.मी.) | कूल लम्बाई (मी.) | एक्साभेशनको परिमाण (घ.मी.) | | | | |
| ४००० | ५२४९९.७० | ३५८० | ५०१५६.७० | ४६९८७ | ३१६९.७ | ८२५० | २,६१,५००/- |

**राजस्व बाँडफाँड (पूँजीगत) तर्फ**

४०. **अनुदानको अनुगमन तथा प्रभावकारिता सम्बन्धमा –** कार्यालयले विभिन्न संघ, संस्था तथा समूहलाई विभिन्न कार्यका लागि ठुलो धनराशि एकमुष्ट अनुदानको रुपमा उपलब्ध गराउने गरेको पाइयो । प्रदान गरिएको रकम निर्धारित कार्यमा उपयोग भई परिलक्षित उद्देश्य हासिल भए, नभएको सम्बन्धमा स्पष्ट सूचक तथा मापदण्ड बनाई प्रभावकारी अनुगमन/मूल्यांकन गरी आश्वस्तता प्राप्त गर्नुपर्नेमा सो अनुरुप भएको पाइएन । अतः यस्तो अनुदान प्रदान गर्ने सम्बन्धमा स्पष्ट मापदण्ड तथा कार्यविधि तर्जुमा गरी प्रभावकारी अनुगमन/मूल्यांकन र उपलब्धि मापनको व्यवस्था हुनुपर्दछ । यस वर्ष यसरी एकमुष्ट अनुदान प्रदान गरिएका केही उदाहरण देहाय अनुसार छन् :–

| गो.भौ.न./मिति | अनुदान प्राप्त गर्ने संस्थाको नाम | प्रयोजन | अनुदान रकम रु. |
|---|---|---|---|
| १०-०७५/१०/२१ | मरिण बहुमुखी क्याम्पस, छाप | शैक्षिक सुधार तथा गुणस्तर अभिवृद्धि | १५,००,०००/- |

| | | | |
|---|---|---|---|
| ६१-०७६/२/२७ | विभिन्न कृषक समूह | कृषि औजार, उपकरण (मिनी टिलर, पावर टिलर थ्रेसर, पम्प सेट आदि) | ४७८०००/- |
| ७९-०७६/३/०३, ८०-०७६/३/०३ | विभिन्न २० कृषकहरु | कृषि औजार, उपकरण | ५८४,०००/- |
| ११८-०७६/३/२९ | दियो सेवा सामुदायिक संस्था | ट्रयाक्टर खरिद गरी हस्तान्तरण | १४,००,०००/- |
| आन्तरिक कोष | | | |
| ६-०७५/१०/२१ | कपिलाकोट मा.वि. मरिण छाप | शैक्षिक सुधार तथा गुणस्तर अभिवृद्धि | ३०,००,०००/- |

| | | |
|---|---|---|
| ४१. | <u>५१-०७२/०६</u><br>**दर्ता नभएको फर्मलाई मू.अ.कर भुक्तानी –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा मू.अ.करमा दर्ता मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर मा दर्ता नभएको व्यक्तिले मू.अ. कर असुल गरेको देखिने कुनै बिजक वा कागजात जारी गर्न र कर उठाउन नहने तथा दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निजबाट असुल गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बरुण माझीडाँडा सडक निर्माणमा एक्साभेटर मेशिन भाडामा उपलब्ध गराए वापत चन्द्र नाम्दो कन्स्ट्रक्शन (प्यान नं. ६०४३८३१६३) लाई उपभोक्ता समिति मार्फत् मू.अ.कर रु. २५,६८८। सहित जम्मा रु. २२३,२८८।- भुक्तानी गरेकोमा उक्त फर्म मू.अ.कर मा दर्ता भएको देखिएन। अतः ऐनको उक्त प्रावधान अनुसार भुक्तानी भएको मू.अ.कर वापतको रकम असूल हुनुपर्ने रु. | २५,६८८/- |
| ४२. | <u>१७-०७५/११/२२</u> **धरौटी कट्टा नगरेको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम (४) अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा कुनै बिल, बीजकको भुक्तानी गर्दा रिटेन्सन मनि (धरौटी) वापत ५ प्रतिशतका दरले धरौटी कट्टा गरेर राख्नुपर्ने व्यवस्था छ। कार्यालयले वडा नं. ६ को तालिम तथा बैठक हलको तला थप वापत श्री नमोबुद्ध निर्माण सेवा एण्ड नमस्ते जनरल सप्लायर्सलाई रु. रु. १६,३५,७३२।- भुक्तानी गरेकोमा नियमानुसार धरौटी कट्टा गरेको पाइएन। उक्त निर्माण कार्यको त्रुटि सच्याउने अवधि १ वर्षको रहेको पाइएकोले धरौटी वापतको रकम असूल गरी स्थानीय सरकारको धरौटी खातामा राख्नुपर्ने रु. | ७२,३७८/- |
| | **प्रदेश सशर्त अनुदान चालु खर्च तर्फ** | |
| ४३. | भौ.नं. १३-०७६/३/२९ बाट गाउँपालिका केन्द्र स्थित कपिलाकोट प्राथमिक स्वास्थ्य केन्द्रमा १५ शैयाको अस्पताल सञ्चालनको लागि विभिन्न उपकरण तथा औषधी आपूर्ति वापत सञ्जुश्री मेडिसिन सप्लायर्स, काठमाडौँलाई रु. ४६,७४,०२८।५० (लागत अनुमान अंक रु. ४७,६०,०५७।-) भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियो :– | |
| ४३.१. | **धरौटी कट्टा नगरेको** – आपूर्तिकर्तासँग भएको सम्झौता तथा सिलबन्दी दरभाउपत्र डकुमेण्टको खण्ड १ (दरभाउपत्रदातालाई निर्देशन) को दफा १० (घ) मा आपूर्तिकर्ताको बिलको भुक्तानी गर्दा ५ प्रतिशत रिटेन्सशन मनि कट्टा गर्ने उल्लेख भएकोमा सो वापतको रकम कट्टा गरेको पाइएन। आपूर्ति गरिएका औषधि जिन्सी दाखिला हुने मितिदेखि कम्तीमा १८ महिना अवधिसम्मको म्याद (Expiry Date) भएको हुनुपर्ने उल्लेख भएको हुँदा रिटेन्सशन मनि वापतको रकम असूल गरी उक्त अवधिसम्म धरौटी खातामा राख्नुपर्ने देखिएको रु. | २१५,९५५/- |
| ४३.२. | **Expiry Date नखुलाएको –** आपूर्तिकर्तासँग भएको सम्झौता तथा सिलबन्दी दरभाउपत्र डकुमेण्टको खण्ड १ (दरभाउपत्रदातालाई निर्देशन) को दफा ७ मा आपूर्तिकर्ताले उपलब्ध गराउने औषधीको म्याद कम्तीमा १८ अवधिसम्मको म्याद (Expiry Date) भएको हुनुपर्ने उल्लेख भएकोमा औषधीहरुको म्याद खुल्ने बिल, बिजक पेश नभएको साथै कार्यालयले पनि त्यस्तो अवधि खुल्ने गरी जिन्सी खाता अद्यावधिक गरेको पाइएन। आपूर्तिकर्तालाई भुक्तानी भएको रु. ४६,७४,०२८।५० मध्ये विभिन्न किसिमका औषधीको मूल्य रु. १५,९५,४००।- रहेको देखिन्छ। अतः खरिद गरिएका ती औषधीहरुको म्याद उल्लिखित अवधिसम्म रहेको यकिन हुने प्रमाण पेश हुनुपर्ने रु. | १५,९५,४००/- |
| ४३.३. | **मू.अ.कर कट्टी नगरेको –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को (२१ औं संशोधन-(२०७६।२।१५) को नियम ६ग (१) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ, संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु आपूर्ति गरी सो वापतको रकम सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मू.अ.कर रकमको ५० | |

| | | |
|---|---|---|
| | प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने मू.अ.कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ। कार्यालयले उक्त आपूर्तिकर्ता फर्मलाई मू.अ.कर वापत रु. ३५४,१७८।५४ भुक्तानी गरेकोमा ५० प्रतिशतले हुन आउने रकम कट्टी नगरी मू.अ.कर वापतको पुरै रकम भुक्तानी गरेको पाइयो। अतः ५० प्रतिशत हुने मू.अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १,७७,०८९/२५ |
| | **आन्तरिक कोष (पूँजीगत) तर्फ** | |
| ४४. | **घटी पाइप जडान –** खरिद भएका पाइप सम्बन्धित खानेपानी योजनामा जडान हुनुपर्दछ। कार्यालयले निम्नलिखित खानेपानी योजना उपभोक्ता समितिलाई पाइप खरिद तथा जडानको लागि निम्नानुसार भुक्तानी गरेकोमा खरिद भएका पुरै पाइप जडान भएको नदेखिएकोले सम्बन्धित योजनामा जडान ( लेइङ्ग/ज्वाइण्टिङ्ग) भएको प्रमाण पेश हुनुपर्ने रु. | ०/- |

| भौ.नं./मिति | खानेपानी योजनाको नाम | पाइपको साइज | खरिद भएको परिमाण | जडान भएको परिमाण | जडान नभएको परिमाण | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ९-०७६/१/२२ | खयरसाल जुटपानी | विभिन्न | २७५० | २६४५ | १०५ | ४१३४ |
| ६१-०७६/२/२७ | अजिङ्गर स्कूल टोल | ४०/६ | ४०० | ३०० | १०० | १०२८३ |
| | | | | | **जम्मा** | **१४४१७/-** |

| | | |
|---|---|---|
| ४५. | भौ.नं. ५८-०७६/३/२१ (आन्तरिक कोष), ३१-०७६/३/२१ (प्रदेश सरकार)<br>**पाइप खरिद –** विभिन्न खानेपानी योजनाको लागि एच.डी.पी.ई. पाइप आपूर्ति गरे वापत प्रतिभा कन्स्ट्रक्शनलाई रु. ९४०,०००।- भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियो :–<br>(क) सम्झौता अनुसार आपूर्तिकर्ताले विभिन्न साइजका ३४१७ मीटर एच.डी.पी.ई. पाइप उपलब्ध गराउनुपर्नेमा नापी किताब, बिल तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार ३२१२ मीटर मात्र उपलब्ध गराएको देखिन्छ। सो अनुसार कूल मूल्यांकित रकम रु. ८५६,८६२।०५ मात्र देखिएकोमा कार्यालयले रु. ९,४०,०००। भुक्तानी गरेको पाइयो। जस अनुसार बिल तथा कार्य सम्पन्न प्रतिवेदनमा मूल्यांकित ठेक्का बिल रकमभन्दा रु. ८३,१३८।- बढी भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धित आपूर्तिकर्ताबाट असूल हुनुपर्ने रु.<br>(ख) जिन्सी खाता अनुसार खरिद भएका सबै पाइप २०७६ आषाढ मसान्तसम्म कार्यालयमा नै मौज्दात रहेको पाइएकोले सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी योजना साइटमा जडान हुनुपर्दछ। | ८३,१३८/- |
| | **प्रदेश समानीकरण पुँजीगत तर्फ** | |
| ४५.१. | भौ.नं. १९ मिति २०७६/३/५ बाट वैदेशिक रोजगारी संकलन उद्धार तथा सडक नाटक संचालन वापत देहायका व्यक्तिहरुलाई भत्ता वितरण गरेकोमा नियमानुसार पारिश्रमिक कर कट्टा नगरी भुक्तानी दिएको हुँदा नियमानुसार लाग्ने पारिश्रमिक कर असुल हुनुपर्ने रु. | ४,५००/- |

| क्र.सं. | नाम थर | भुक्तानी | पारिश्रमिक कर |
|---|---|---|---|
| १ | श्री देवराज लुङ्गेली | १५००० | २२५० |
| २ | श्री भेष बहादुर झारी मगर | १५००० | २२५० |
| | **जम्मा** | **३००००** | **४५००** |

| | | |
|---|---|---|
| | **राष्ट्रपति चुरे संरक्षण कार्यक्रम** | |
| ४६. | **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा कुनै सार्वजनिक निकायले रनिङ विलको रकम भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। कार्यालयले सुकेखोला नदी तथा खोला किनार स्थरीकरण कार्यक्रम अन्तर्गत ग्याविन जाली लगाउने कार्यका लागि रु.२५,००,०००/- कार्यक्रम स्वीकृत गरी काम गराएको छ। भौ.नं. ८ मिति २०७६/२/१४ बाट उक्त कार्यको प्रथम बिल वापतको रकम रु. २१,८७,०००/- भुक्तानी गर्दा नापी किताबमा ३X१X१ को १५० वटा ग्याविन जाली र २X१X१ को ८० वटा ग्याविन जाली गरी जम्मा २३० वटा जाली लगाएको देखिन्छ। तर प्राविधिक बिल तयार पार्दा ३X१X१ को १६७ वटा ग्याविन जाली र २X१X१ को ८० वटा ग्याविन जाली गरी जम्मा २४७ वटा जालीको बिल तयार गरी भुक्तानी गरेको देखिन्छ। नापी किताबमा भएको भन्दा १७ वटा ३X१X१ को जाली प्रति जाली रु.११,३४३/५४ का | १,९२,८४०/- |

| | | |
|---|---|---|
| | दरले बढी भुक्तानी भएको देखिन्छ । वास्तविक काम भएको भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | |
| ४७. | त्यसैगरी धमिले खोला किनारा स्थरीकरण कार्यका लागि रु.३६,००,०००/- कार्यक्रम स्वीकृत गरी काम गराएको छ । भौ.नं. १० मिति २०७६/२/१५ बाट उक्त कार्यको प्रथम बिल वापतको रकम रु. २१,०७,०७७/- भुक्तानी गर्दा नापी किताब र प्राविधिक बिलमा जालीको संख्या फरक पारेका कारण ३६,३११/- बढी भुक्तानी भएको देखिन्छ । नापी किताबमा समावेश भएकै परिमाण प्राविधिक बिलमा समावेश गर्नुपर्नेमा अन्यथा हुन गएका कारण वास्तविक भन्दा बढीको प्राविधिक बिल बनाई भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु. | ३६,३११/- |

| जालीको साइज | दर | नापी किताबमा भएको संख्या | हुनुपर्ने रकम रु. | प्राविधिक विलमा भएको संख्या | भएको रकम रु. | बढी रकम रु. |
|---|---|---|---|---|---|---|
| ३*१*१ | ११३४३.५४ | १२० | १३६१२२४ | १३० | १४७४६६० | ११३४३५ |
| २*१*१ | ७७१२.४० | ९२ | ७०९५४१ | ८२ | ६३२४१६ | -७७१२४ |
| **जम्मा** | | **२१२** | **२०७०७६५** | **२१२** | **२१०७०७६** | **३६३११/-** |

| | | |
|---|---|---|
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु)** | |
| ४८. | **बढी तलब भत्ता निकासा :** विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता निकासा दिँदा सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीको माग फारमका आधारमा मात्र तलव भत्ता निकासा दिनु पर्दछ । विद्यालयलबाट प्राप्त माग फारम र तलव भत्ता निकासाको विवरण परीक्षण गर्दा देहायका विद्यालयहरुलाई माग फारममा समावेश भएको भन्दा बढी तलब भत्ता निकासा भएको देखियो । बढी निकासा भएको तलव भत्ता असुल गरी दाखिला हुनुपर्ने रु. | २९०,११८/- |

| भौ.नं. र मिति | विद्यालयको नाम | माग गरेको रकम | निकासा भएको रकम | बढी निकासा |
|---|---|---|---|---|
| **प्रथम चौमासिक तलव भत्ता र चाडपर्व खर्च** | | | | |
| २/२०७५/६/९ | शुकेश्वर नि.मा.वि. चनौटे | ४३३७७२ | ४३५३३२ | १५६०/- |
| | प्रा.वि. लामिदमार | ४०५१५६ | ४३७३५६ | ३२२००/- |
| | पन्चकन्या प्रा.वि. घलान्चौर खन्जनी | ४५२२६८ | ६२८०२६ | १७५७५८/- |
| | प्रा.वि. पाङग्रेखोला | १७२५५० | २१७१५० | ४४६००/- |
| **जम्मा** | | **२२८०७१०** | **२५८२९६४** | **०/-** |
| **दोश्रो चौमासिक तलव भत्ता** | | | | |
| | चुरेमाता प्रा.वि. | ११५४८० | १२७४८० | १२०००/- |
| | सुकेश्वर आवासिय विद्यालय | ३८८३३२ | ४१२३३२ | २४०००/- |
| **जम्मा** | | **७९८६५९** | **८७२७२७** | **०/-** |
| **कुल जम्मा** | | **३०७९३६९** | **३४५५६९१** | **३७६३२२/-** |

| | | |
|---|---|---|
| | **जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा** | |
| ४९. | यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ता वापत रु.२,८०,२२,६००/- भत्ता वितरण गरेकोमा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् : | |
| ४९.१. | **तोकिएको समयमा वितरण नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६(क) मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष तोकिएको समयावधि भित्र कुनै पनि चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्न सकेको देखिँदैन । प्रथम चौमासिकको पेश्की असोजको १८ गते, दोश्रो चौमासिकको चैत्र १५ गते र तेश्रो चौमासिकको जेठको २८ गतेसम्म पेश्की दिएको देखिन्छ । त्यसैगरी पेश्की लिएको रकम समयमा वितरण गरी प्रतिवेदन गरेको समेत देखिँदैन । प्रथम चौमासिक पेश्की माघसम्म, दोश्रो चौमासिक पेश्की जेठमा र तेश्रो चौमासिक पेश्की असार मसान्तमा मात्र फछ्र्यौट गर्ने गरेको देखिएको छ । सामाजिक सुरक्षा वापतको पेश्की समयमा फछ्र्यौट नगरेको साथै चौमासिक पेश्की समेत तोकिएको समयभित्र नलिएको हुँदा समयमा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको भन्न सकिने | |

अवस्था रहेन । निर्देशिकाले तोकेको अवधि भित्र चौमासिक भत्ता वितरण गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

| प्रथम चौमासिक | | | | दोश्रो चौमासिक | | तेस्रो चौमासिक | |
|---|---|---|---|---|---|---|---|
| वडा नं. | वडा सचिव | पेश्की मिति | पेश्की फछ्र्यौट मिति | पेश्की दिएको मिति | पेश्की फछ्र्यौट मिति | पेश्की मिति | पेश्की फछ्र्यौट मिति |
| १ | जंग वहादुर माझी | २०७५-०६-१८ | २०७५-०७-०८ | २०७५-१२-१५ | २०७६-०३-०१ | २०७६-०३-०१ | २०७६-०३-३१ |
| २ | सरोज कुमार माझी | २०७५-०६-१८ | २०७५-१०-२१ | २०७५-१२-१५ | २०७६-०३-११ | २०७६-०३-११ | २०७६-०३-३१ |
| ३ | जसमान स्याङ्तान | २०७५-०६-१८ | २०७५-०८-१९ | २०७५-१२-१५ | २०७६-०२-१३ | २०७६-०२-२८ | २०७६-०३-२९ |
| ४ | कुलध्वज बम्जन | २०७५-०६-१८ | २०७५-०७-१८ | २०७५-१२-१५ | २०७६-०२-१३ | २०७६-०२-२८ | २०७६-०३-३० |
| ५ | विष्णु प्रसाद सापकोटा | २०७५-०६-१८ | २०७५-०८-१४ | २०७५-१२-१५ | २०७६-०३-०१ | २०७६-०३-१० | २०७६-०३-३१ |
| ६ | चिना कुमारी बुढाथोकी | २०७५-०६-१८ | २०७५-१०-११ | २०७५-१२-१५ | २०७५-०२-०६ | २०७६-०२-२८ | २०७६-०३-२१ |
| ७ | डम्बर वहादुर आचार्य | २०७५-०६-१८ | २०७५-०८-०६ | २०७५-१२-१५ | २०७६-०३-०१ | २०७६-०३-१० | २०७६-०३-३० |

४९.२. **नगद वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्ताको रकम वडा सचिवहरुको बैंक खातामा पेश्की पठाई वडा सचिवहरुले हातहातै लाभग्राहीहरुलाई वितरण गरेको देखिन्छ । हातहातै नगद वितरण गरी औंठा छाप लगाएको भरपाईको आधारमा पेश्की फछ्र्यौट गर्ने गरेको छ । कार्यविधिले हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था गर्दा गर्दै पनि नगद वितरण गर्ने गरेको देखिएकाले यथाशिघ्र यस्तो कार्य बन्द गरी लाभग्राहीको बैंक खाता मार्फत मात्र रकम वितरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

४९.३. **विवरण अद्यावधिक नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १९ मा केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुने व्यवस्था छ । यस कार्यालयबाट सामाजिक सुरक्षा वितरण गरिने लाभग्राहीको केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा देखिएको र रकम वितरण भरपाईमा देखिएको विवरण मेल खाएको देखिँदैन । विगत देखी भत्ता रकम वितरण हुँदै आएका तर लगतमा नाम नभएका कतिपय लाभग्राहीलाई रकम वितरण गरेको देखिन्छ । केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा भएको लगतबाट नै रकम वितरण भरपाई तयार पारी सोही बमोजिम मात्र रकम वितरण गर्नु पर्दछ । लगतमा नभएको व्यक्तिको नाम भरपाईमा हुने, भरपाईमा हातले नाम थप्ने जस्ता काम गरेको देखिएकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अद्यावधिक छ भन्ने सकिने अवस्था छैन । अनुगमन तथा मूल्याङ्कन समितिले विवरण अद्यावधिक गर्न लगाई सोही विवरण बमाजिम मात्र रकम वितरण गर्ने तर्फ ध्यान जानु पर्दछ ।

४९.४. **अनुगमन तथा निरीक्षण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ८ मा अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गरेको छ । जस अनुसार सामाजिक सुरक्षा तथा जेष्ठ नागरिक कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्न, स्थानीय स्तरको अनुगमन तथा मूल्याङ्कन समिति बनाई उक्त समितिले यस कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्ने, लाभग्राहीको अभिलेख निरीक्षण गर्ने, लाभग्राहीसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गर्ने, सेवा प्रभावकारी भए नभएको जानकारी हासिल गर्ने, वडा कार्यालयबाट भएका सार्वजनिक सुनुवाईको प्रतिवेदन अध्ययन गरी प्राप्त सुझाव कार्यान्वयनको समिक्षा गर्ने, कार्यक्रम सम्बन्धमा अनियमितता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागि सिफारिश गर्ने, सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान भए नभएको बारे अध्ययन गरी गर्नुपर्ने सुधारका विषयमा सुझाव दिने लगायतका काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । कार्यालयबाट सामाजिक सुरक्षा वापतको रकम वडा सचिवहरुमार्फत नगदै वितरण गर्ने गरेका कारण वडा सचिवहरुलाई समेत जोखिम भएको भन्ने बारम्बारको गुनासोलाई सम्बोधन नगरेको,

| | | |
|---|---|---|
| | कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण हुने नगरेको साथै लाभग्राहीहरुसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गरी सुधारका लागि सुझाव दिने गरेको समेत देखिएन । कानुनले निर्धारण गरेको काम, कर्तव्य अधिकारको सही प्रयोग गरी अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| | **प्रयास हेल्भेटास तर्फ** | |
| ५०. | **बढी अनुदान :** कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराउँदा स्वीकृत कार्यक्रम बमोजिमको अनुपातमा अनुदान उपलब्ध गराउनु पर्दछ । फलफूल उत्पादन प्रवर्द्धन (वर्षे फलफूल बगैँचा स्थापना तथा नर्सरी स्थापना) कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानका लागि रु.१,००,०००/- बजेट व्यवस्था भए बमोजिम कार्यक्रम संचालनका लागि प्रस्ताव माग गर्दा बोल्देलामा कृषि फर्म, बरुण (विज्ञान दोर्जेबल) ले रु.१,५०,०००/- को प्रस्ताव पेश गरी सोही अनुसार कार्यक्रम सम्पन्न गरेकोमा ५०% अनुदान वापत रु.७५,०००/- अनुदान दिनुपर्नेमा भौ.नं. ३० मिति २०७६/३/१६ बाट रु.१,००,०००/- अनुदान दिएको देखियो । कार्यक्रमले निर्धारण गरेको अनुपात भन्दा बढी भुक्तानी दिएको अनुदान रकम असुल हुनुपर्ने रु. | २५,०००/- |
| | **आन्तरिक आयतर्फ** | |
| ५१. | **ब्याक-हो लोडरको भाडा :** गाउँपालीकाले तयार गरेको ब्याकहो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७.२ मा गाउँपालिकाको ब्याकहो लोडर प्रयोग गरे वापत सरकारी संघ/संस्था, उपभोक्ता समितिबाट प्रति घण्टा रु.१,८००/- र नीजि क्षेत्र/निकाय/व्यक्तिबाट प्रति घण्टा रु.१,९००/- भाडा लिने व्यवस्था गरेको छ । त्यसैगरी ब्याकहो लोडर प्रयोग गर्नका लागि सम्बन्धित व्यक्ति, संघ, संस्था र उपभोक्ता समितिले गाउँपालिकासँग सम्झौता गरी मात्र प्रयोग गर्नुपर्ने र ब्याकहो लोडर अपरेटरले कार्यविधिको अनुसूची-३ को ढाँचामा लग बुक राख्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले २०७५/८/२६ मा ब्याकहो लोडर खरिद गरी २०७५/१०/२ देखी ब्याकहो लोडर अपरेट समेत नियुक्त गरेको देखिन्छ । लेखापरीक्षणका क्रममा ब्याकहो लोडर प्रयोग सम्बन्धी सम्झौता, लगबुक र अन्य कागजात माग गर्दा पेश हुन सकेन । कार्यालयको आन्तरिक आम्दानी तर्फ ब्याकहो लोडर भाडा वापत रु.२,६७,८७०/- मात्र प्राप्त हुन आएको देखिन्छ । अपरेटर नियुक्त भए देखी असार मसान्त (६महिना) सम्म प्रति महिना कम्तिमा २५ दिन प्रतिदिन कम्तिमा ८ घण्टाका दरले ब्याकहो लोडर प्रयोग हुँदा समेत १२०० घण्टा ब्याकहो लोडर प्रयोग हुनु पर्दछ । गाउँपालिकाले निर्धारण गरेको ब्याकहो लोडरको भाडा प्रति घण्टा रु.१,८००/- का दरले यो वर्ष रु.२१,६०,०००/- भाडा असुल हुनुपर्नेमा रु. २,६७,८७०/- मात्र असुल भएको देखिन्छ । ब्याकहो लोडरको अद्यावधिक लगबुक राखी कस कसले कति घण्टा प्रयोग गरेको हो कार्यालयबाट छानबिन गरी भाडा असुल हुनुपर्दछ । साथै कार्यविधिले निर्धारण गरेको प्रक्रिया पूरा गरेर मात्र ब्याकहो लोडर भाडामा दिने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ५२. | **नदीजन्य दहत्तर बहत्तर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । गाउँपालिकाले आ.व. २०७५।७६ र २०७६।७७ को लागि प्रारम्भिक वातावरणीय मूल्याँकन तथा परिक्षण, IEE गराई प्रतिवेदन लिएको देखिन्छ । उक्त प्रतिवदेन अनुसार गाउँपालिका भित्र पर्ने मरिण खोलाको विभिन्न ६ वटा स्थानबाट ६७५०० घन मिटर ( २३८२०७५ घन फिट) र अन्य खोलाहरुमा ६७४८७ घ.मि. (२३८१६१६ घ.फि.) गरी जम्मा १३४९८७ घ.मि. (४७६३६९१ घ.फि.) नदीजन्य दहत्तर बहत्तर उत्खनन् गरी निकासी गर्न सकिने उल्लेख गरेको छ । | |
| ५३. | **दहत्तर/बहत्तर बिक्री तथा निकासी** : गाउँपालिकाको आफ्नो क्षेत्र भित्रको ढुङ्गा, गिटी , वालुवाको बिक्रि तथा निकासी गरि आय आर्जन गर्ने प्रयोजनका लागी मू. अ. कर बाहेक मरिण खोलामा रु. ४७ लाख २५ हजार र अन्य खोलामा रु.४७ लाख २४ हजार गरी कुल रु.९४ लाख ४९ हजार न्यूनतम अकं कायम गरि मिति २०७५/५/२९ मा वोलपत्रको सूचना प्रकाशन गरेकोमा तोकिएको म्याद भित्र कुनै पनि वोलपत्र नपरेको कारण मिति २०७५/८/९ मा मरिण खोला र अन्यखोलाको एउटै प्याकेज बनाई मू.अ.कर बाहेक रु. ५० लाख ८ हजार न्युनत्तम अंक कायम गरी दोश्रो पटक बोलपत्र आह्वान गरेको छ । तोकिएको म्याद भित्र एक मात्र व्यवसायी श्री समाज कन्स्ट्रक्सन | |

<table>
<tr><td></td><td>एण्ड सप्लायर्स प्रा.लि. ले मू.अ.कर बाहेक रु.५० लाख १० हजारको बोलपत्र पेश गरेकोमा वोलपत्र मूल्याङकन समितिको मिति २०७५/९/१३ को निर्णयले उक्त बोलपत्र स्वीकृत गर्न सिफारिस गरे बमोजिम निज व्यवसायीको बोलपत्र स्वीकृत भएको देखियो । निज संग मिति २०७५/९/२९ मा भएको सम्झौतामा सम्झौताको अवधि २०७५/९/३० देखी ०७६ आषाढ मसान्त सम्म रहेको उल्लेख छ । सम्झौता बमोजिमको रकम बराबर २ किस्तामा बुझाउनु पर्ने उल्लेख छ । जस अनुसार पहिलो किस्ता सम्झौता हुँदाका बखत नगदै गाउँपालिकाको खातामा जम्मा गर्ने र दोश्रो किस्ता पचास प्रतिशत रकम बराबरको न्यूनत्तम बैंक ग्यारेन्टी पेश गर्नु पर्ने उल्लेख छ । सो बमोजिम व्यवसायीले पहिलो पटक मिति २०७५/९/२५ मा रु.१५,०३,०००/- र दोश्रो पटक मिति २०७६/३/१९ मा रु.३५,०००००/- गरी जम्मा रु.५०,०३,०००/- बुझाएको देखिन्छ । सम्झौता बमोजिम रु.७,०००/- कर बुझाएको देखिएन । सम्झौता बमोजिमको बाँकी रकम असुल हुनुपर्ने रु.</td><td>७,०००/-</td></tr>
<tr><td>५४.</td><td>मूल्य अभिबृद्धि कर : ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा निकासी सम्बन्धी ठेक्काको बुंदा नं. ५ मा मूल्य अभिबृद्धि कर ठेकेदारले नै बुझाउनु पर्ने र त्यसको प्रमाण गाउँपालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। हालसम्म सम्झौता रकम रु.५०,१०,०००/- को १३ प्रतिशतले हुने मू.अ.कर रु.६,५१,३००/- बुझाएको देखिएन । सम्झौता बमोजिम बुझाउनु पर्ने मू.अ.कर रकम आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण लिनुपर्ने रु.</td><td>६,५१,३००/-</td></tr>
<tr><td>५५.</td><td>रसिद नियन्त्रण खाता : गाउँपालिकाले राजस्व आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्ने गरेकोमा रसिद नियन्त्रण खाता राखेको देखिएन । रसिद नियन्त्रण खाता नराख्दा छापिएका नगदी रसिद मध्ये कति प्रयोग भए कस कसले प्रयोग गरे प्रयोग भएका सबै रसिद फिर्ता आए नआएको र प्रयोग नभएका नगदी रसिदको अवस्था के छ भन्ने एकिन गर्न सकिएन । तसर्थ नगदी रसिद ठेली आम्दानी खर्च र बाँकि स्पष्ट देखिने गरी अविलम्ब रसिद नियन्त्रण खाता तयार राख्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>५६.</td><td>नगदी रसिदको प्रयोग : कार्यालयले कर तथा अन्य आय असुल गर्नका लागि नगदी रसिदको प्रयोग गर्दा प्रत्येक आर्थिक वर्षका लागि नयाँ रसिद ठेलीको प्रयोग गरी आर्थिक वर्षको अन्त्यमा प्रयोग नभई बाँकी रहेका रसिदहरु फिर्ता गर्नु पर्दछ । गाउँपालिकाले चालु आर्थिक वर्षको कर तथा अन्य आय असुली गर्दा गत आर्थिक वर्षमा बाँकी रही फिर्ता नगरेका नगदी रसिदहरुको समेत प्रयोग गरेको देखियो । रसिद नियन्त्रण खातामा बुझि लिएका रसिद बाहेक अन्य रसिदबाट आय संकलन गर्दा नगदी रसिदको दुरुपयोग हुनुका साथै असुल भएको आय संचित कोषमा दाखिला नहुने सम्भावना रहन्छ । तसर्थ रसिद नियन्त्रण खाताबाट बुझि लिएका रसिदहरुमात्र जारी गरी आय संकलन गर्ने र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका सबै रसिदहरु फिर्ता बुझि लिई पुनः नयाँ रसिद जारी गर्ने गरी नगदी रसिदको व्यवस्था मिलाउनु पर्दछ । गत वर्षका नगदी रसिद प्रयोग गरेको केही उदाहरण देहाय अनुसार छन् :
<table>
<tr><th>कार्यालयहरु</th><th>बुझिलिएको रसिद</th><th>प्रयोग भएका रसिद</th><th>कैफियत</th></tr>
<tr><td>गा.पा. कार्यालय</td><td>६२०१ देखी ६३०० सम्म</td><td>६२०१ देखी ६३०० सम्मका २ ठेली</td><td>१ ठेली गत वर्षको रसिद प्रयोग भएको</td></tr>
<tr><td>वडा नं. १ कार्यालय</td><td>३४०१ देखी ३५०० सम्म</td><td>३४०१ देखी ३५०० सम्म २ ठेली</td><td>१ ठेली गत वर्षको रसिद प्रयोग भएको</td></tr>
<tr><td>वडा नं. ३ कार्यालय</td><td>६७०१ देखी ६८०० सम्म</td><td>६७०१ देखी ६८०० सम्म २ ठेली<br>१२०१ देखी १३०० सम्म</td><td>२ ठेली गत वर्षको रसिद प्रयोग भएको</td></tr>
<tr><td>वडा नं. ५ कार्यालय</td><td></td><td>५६०१ देखी ५७०० सम्म<br>२०१ देखी २५० सम्म</td><td>२ ठेली गतवर्षको रसिद प्रयोग</td></tr>
<tr><td>वडा नं. ६ कार्यालय</td><td></td><td>८००१ देखी ८१०० सम्म<br>४५०१ देखी ४६०० सम्म</td><td>२ ठेली गतवर्षको रसिद प्रयोग</td></tr>
</table></td><td></td></tr>
<tr><td>५६.१.</td><td>त्यसैगरी यो वर्ष कार्यालयले नगदी रसिद १०० ठेली र मालपोत १०२ ठेली छपाएकोमा गत वर्षको बाँकी र यसवर्ष छपाएका मध्ये नगदी रसिद ८४ र मालपोत रसिद ६२ वितरण गरी आर्थिक वर्षको अन्त्यमा नगदी रसिद ८४ र मालपोत रसिद ५९ ठेली फिर्ता आएको देखिन्छ। सो मध्ये गत वर्ष जारी भएका रसिद ठेली समेत फिर्ता आएको हुँदा यो वर्ष जारी भएका मध्ये देहायको नम्बरका जम्मा ८ ठेली रसिदहरु फिर्ता आएको देखिएन । आर्थिक वर्षको अन्त्यमा सबै</td><td></td></tr>
</table>

नगदी तथा मालपोत रसिदहरु फिर्ता गरी नयाँ रसिद जारी गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| कार्यालयहरु | रसिद ठेली |
|---|---|
| वडा नं. १ कार्यालय | नगदी रसिद ४४०१ देखी ४५०० सम्म-१<br>मालपोत रसिद २५०१ देखी २५५० सम्म -१ |
| वडा नं. २ कार्यालय | नगदी रसिद ९४०१ देखी ९५०० सम्म र ८०१ देखी ९०० सम्म -२ |
| वडा नं. ५ कार्यालय | नगदी रसिद ६५०१ देखी ६६०० सम्म-१<br>मालपोत रसिद ३६५१ देखी ३७०० सम्म, ३०१ देखी ३५० सम्म र १४०१ देखी १४५० सम्म-३ |

५७. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । देहायका व्यक्ति/संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको पेश्की फछ्र्यौट हुनुपर्ने रु. १,०१,३४,०००/-

| बजेट शिर्षक | पेश्की मिति | पेश्की लिनेको नाम थर | प्रयोजन | पेश्की रु. |
|---|---|---|---|---|
| १. राजस्व बाँडफाँड चालु | २०७५/६/१० | राम पुकार साह | गर्भवती जाँच प्रोत्साहन | १००००० |
| | २०७५/८/१३ | कपिलाकोट प्रा.स्वा.केन्द्र | प्रा.स्वा.केन्द्रमा इमरजेन्सी सेवा भत्ता | ३००००० |
| | २०७६/१/१२ | छत्रा कुमार खडका | गर्भवती जाँच प्रोत्साहन | ३००००० |
| | २०७६/२/३ | मन्जु वली | गर्भवती जाँच प्रोत्साहन | १००००० |
| **जम्मा** | | | | **८०००००** |
| २. संघिय सरकार हस्तान्तरित चालु | २०७६/२/२९ | अपाङ्ग कल्याण संघ सिन्धुली | सबै स्थानीय तहमा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | ६६००० |
| ३. मरिण गाउँपालिका पुंजीगत | २०७६/२/२७ | नमोबुद्ध निर्माण सेवा एण्ड नमस्ते जनरल सप्लायर्स | विशाल स्मृती प्रतिष्ठान निर्माण | ६६८००० |
| | २०७६/३/३० | अनक कन्स्ट्रक्सन कं.प्रा.लि. | बजार भवन निर्माण | २३००००० |
| | २०७६/३/३० | अनक कन्स्ट्रक्सन कं.प्रा.लि. | १ नं. वडा कार्यालय भवन निर्माण | ७००००० |
| | | अनक कन्स्ट्रक्सन कं.प्रा.लि. | ५ नं. वडा कार्यालय भवन निर्माण | ६००००० |
| **जम्मा** | | | | **५९३४०००** |
| ४. राजस्व बाँडफाँड पुंजीगत | २०७६/३/३० | अनक कन्स्ट्रक्सन कं.प्रा.लि. | गापा र वडा कार्यालयको डिपिआर निर्माण | १०००००० |
| ५. प्रदेश सशर्त पुंजीगत | २०७६/३/३० | अनक कन्स्ट्रक्सन कं.प्रा.लि. | गाउँपालिका भवन निर्माण | ४०००००० |
| **कुल जम्मा** | | | | **१०१३४०००** |

५८. **करार सम्झौतामा उल्लेख नगरिएको सुविधा प्रदान :** कार्यालयले करारमा भर्ना गरेका देहायका कर्मचारीहरुको करार सम्झौतामा चाडवर्प खर्च र पोशाक भत्ता दिने उल्लेख गरेको छैन । करार सम्झौताको शर्त विपरित देहाय अनुसार चाडपर्व खर्च र पोशाक खर्च भुक्तानी गरेको देखिन्छ । सेवा करारमा रहेका कर्मचारीलाई करार पत्रमा उल्लेख भए अनुसारको रकम मात्र भुक्तानी हुनु पर्दछ ।

| क्र.सं. | कर्मचारीको नामथर | चाडपर्व खर्च रु. | पोशाक भत्ता रु | जम्मा रु. |
|---|---|---|---|---|
| १ | ना.प्रा.स. श्री सविता थापा | २२१७० | १०००० | ३२१७०/- |
| २ | ना.प्रा.स. श्री विष्णु प्रसाद सापकोटा | २२१७० | १०००० | ३२१७०/- |
| ३ | ना.प्रा.स. श्री हेमकर्ण अस्थानी | २२१७० | १०००० | ३२१७०/- |
| ४ | अनमी श्री शुसिला तोलाङ्गे | १८००० | १०००० | २८०००/- |
| ५ | अनमी श्री सम्झना कुमारी वि.क. | १८००० | १०००० | २८०००/- |
| ६ | का.स. श्री हरि माझी | १३००० | १०००० | २३०००/- |
| ७ | का.स. श्री कान्छी माया थिङ्ग | १३००० | १०००० | २३०००/- |
| **जम्मा** | | **१२८५१०** | **७००००** | **१९८५१०/-** |

५९. **बढी तलब भत्ता भुक्तानी :** प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटमा कार्यरत कार्यालय सहयोगी श्री हेम कुमारी भण्डारीको २०७५ श्रावण महिनामा भुक्तानी भएको शुरु तलब स्केल रु.१७२३०/-

रहेकोमा निजलाई २०७५ पौषबाट २०७६ असार महिनासम्म रु.२२,१७०/- का दरले भुक्तानी भएको छ। निजलाई २०७५ पौष देखी २०७६ असार सम्म ७ महिनाको प्रति महिना रु. ४९४०/- का दरले रु.३४५८०/- र क.सं.कोष थप समेत रु.३८०३८/-बढी भुक्तानी भएको छ। निर्धारित तलवस्केल भन्दा बढी भुक्तानी भएको रकम निजबाट असुल गरी दाखिला हुनुपर्ने रु. ३८,०३८/-

६०. **तलबी प्रतिवेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) मा मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पास नगराई तलब खुवाउनु हुँदैन भन्ने व्यवस्था छ। गाउँपालिका अन्तर्गत कार्यरत स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगरी तलव खुवाएको छ। तवली प्रतिवेदन पास गरेर मात्र तलव खुवाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

६१. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कट्टी गरेको पारिश्रमिक कर समयमै संचित कोष दाखिला हुनु पर्दछ। स्वास्थ्य संयोजक मधु लाखेको पेश्की फछ्र्यौट गर्दा कट्टा गरेको पारिश्रमिक कर रु.३१९०/- दाखिला गरेको देखिएन। कट्टी गरेको पारिश्रमिक कर दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. ३,१९०/-

| भौ.नं. र मिति | कट्टी गरिएको पारिश्रमिक कर रु. | दाखिला गरेको कर रु. | दाखिला गर्न बाँकी कर रु. |
|---|---|---|---|
| ६८/२०७६/१/३१ | ४६२८ | २५८७ | २०४१ |
| ६९/२०७६/१/३१ | १३५९ | २१० | ११४९ |
| **जम्मा** | **५९८७** | **२७९७** | **३१९०** |

६२. **प्रधानमन्त्री रोजगार कार्यक्रम :** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार स्थानीय स्तरमा उपलब्ध जनशक्तिको अधिकतम् उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उल्लेख छ। साथै सोही निर्देशिकाको दफा ५ मा न्यूनतम रोजगारीको प्रत्याभुति, आन्तरिक रोजगारी प्रवर्द्धन, अन्तर निकाय समन्वयमा थप रोजगारीको अवस्था सिर्जना तथा नयाँ रोजगारीका क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ। तर गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको वेरोजगारहरुको तथ्यांक अध्यावधिक गरी उपलब्ध श्रोत साधन तथा बजेटको अधिकतम् सदुपयोग हुनेगरी स्थानीय स्तरमा दिर्घकालिन रोजगारी सिर्जना गर्ने कार्यक्रमको छनौट तथा खर्च गर्नुपर्नेमा गाउँपालिकाबाट प्राप्त विवरण अनुसार सडक निर्माण तथा मर्मत, सिंचाई कुलो निर्माण तथा मर्मत तथा बगैंचा निर्माण लगायतका कार्यमा रु. २७ लाख ८९ हजार खर्च गरेकोमा स्थानीय सीपको प्रयोग तथा दीर्घकालिन रोजगारी सिर्जना हुने गरी वेरोजगारको क्षमता विकास तथा सिप सिकाई सम्बन्धी कार्य भएको पाईएन्। लक्षित वर्गको कार्यक्रमले निर्धारण गरेको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने गरी कार्यक्रमको कार्यान्वयन गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ।

**वित्तीय समानीकरण, चालु खर्च तर्फ**

६३. **पदाधिकारी सुविधा :** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ अनुसार कार्यालयले कार्यपालिकाका सदस्यहरुलाई मासिक रु.६,०००/- र गाउँसभाका सदस्यहरुलाई मासिक रु. ५,०००/- दरले यस वर्ष सुविधा वापत रु. ४३,८०,०००।- उपलब्ध गराएको पाइयो।

| क.स. | पद | भुक्तानी रकम |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | ३६००००/- |
| २ | गाउँपालिका उपाध्यक्ष | ३०००००/- |
| ३ | वडा अध्यक्ष (वडा नं १ देखी ७ सम्म ) | १६८००००/- |
| ४ | वडा सदस्य (वडा नं १ देखी ७ सम्म ) | १६८००००/- |
| ५ | कार्यपालीका सदस्य | ३६००००/- |
| | **जम्मा** | **०/-** |

६४. **बैठक भत्ता सम्बन्धमा –** वागमती प्रदेश (साविक प्रदेश नं. ३) अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ मा स्थानीय तहका पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यलाई न्यायिक वा कुनै समितिको बैठकमा भाग लिए वापत अनुसुचि १ बमोजिम बैठक भत्ता, सदस्य भत्ता लगायतका भत्ताहरु उपलब्ध

गराउने व्यवस्था छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा यस ऐनमा तोकिएको सुविधालाई अधिकतम मानेर आफ्नो अधिकार क्षेत्र भित्र रहेर आर्थिक स्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ। गाउँपालिकाले देहाय अनुसार नगरकार्यपालिकाको बैठक, वडा समितिको बैठक भत्ता लिएको देखिँदा गाउँपालिकाबाट बैठक भत्ता उपलब्ध गराएको रकम रु. ७,००,५००/- नियमसम्मत नदेखिएको रु.

७,००,५००/-

| सि.नं. | बैठकको बिवरण | वार्षिक बैठक संख्या | गो.भौ. र मिति | खर्च रकम |
|---|---|---|---|---|
| १. | गाउँ सभा | ५९ | ५४/०७५/०८/२७ | ८८,५००/- |
| | | ४५ | १७७/०६/०३/१० | ६७,५००/- |
| २. | गाउँ कार्यपालिका | ९९ | १२/०७५/०६/२१ | १,४८,५००/- |
| ३. | ३ नं. वडा समिति | ६६ | ३१/०७५/०८/०४ | ९९,०००/- |
| ४. | ४ नं. वडा समिति | ७२ | २८/०७५/०८/०४ | १,०८,०००/- |
| ५. | ६ नं. वडा समिति | ५४ | ४२/२०७५/०७/१७ | ८१,०००/- |
| ६. | ७ नं. वडा समिति | ७२ | ३०/०७५/०८/०४ | १,०८,०००/- |
| | | | जम्मा | ७,००,५००/- |

६५. **पदाधिकारी तथा कर्मचारी भ्रमण :** गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार पूर्वी नेपालको अवलोकन भ्रमणमा गाउँपालिकाका जनप्रतिनीधि र कर्मचारीहरुको टोली भ्रमणमा गएको पाइयो । गो.भौ.नं. ५०/०७५/०८/१६ बाट भ्रमणको लागी ना.सु. श्री सुदिप के.सी. ले लिएको पेश्की रु ७,००,०००।- फछ्र्यौट गर्दा भ्रमण टोली श्री रत्नागिरी ट्राभल्स एण्ड टुर्स प्रा.ली. बाट भारतको दार्जिलिङ्ग जानको लागी रु. ३८,६००।- भुक्तानी गरेका छ । यसरी तोकिएको स्थान भन्दा अन्यत्र भ्रमण जानका गरेको खर्च नियमसम्मत नदेखिएको रु.

३८,६००/-

६६. **बढी भुक्तानी :** सुचना प्रकाशन, समाचार तथा विज्ञापन वापत श्री समयवद्ध साप्ताहिकले रु.२०,०००/- माग गरेकोमा गो.भौ.नं. ६१/०७५/०८/२७ बाट समयवद्ध साप्ताहिकलाई भुक्तानी गर्दा रु २३,०००/- भुक्तानी दिएको हुँदा बढी भुक्तानी भएको रकम रु. ३,०००/- असुल गरी दाखिला गर्नुपर्ने रु.

३,०००/-

६७. **नन-फाइलर फर्मलाई भुक्तानी :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गर्नु पर्ने व्यवस्था रहेको छ। भौ.नं. २०७ मिति २०७६/३/२९ बाट देहायका फर्महरुलाई बिल रकम भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा आन्तरिक राजस्व विभागको वेभसाइटबाट प्यान सर्च गर्दा उक्त आपुर्तिकर्ता सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण समेत नबुझाई नन्फाइलर देखाएको हुँदा कार्यालयबाट भुक्तानी दिएको मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु.

१,०३,४२१/-

| गो.भौ.नं. र मिति | फर्मको नाम | रकम | मू.अ.कर रकम |
|---|---|---|---|
| २०७-२०७६/०३/२९ | बि.एल. कन्सट्रक्सन एण्ड सप्लायर्स (६०४३८११०९) | ४,९९,६०१ | ५७,४७६/- |
| २०७-२०७६/०३/२९ | समाज कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. (६०६६३०८५२) | ३,९९,३७० | ४५,९४५/- |
| जम्मा | | | १,०३,४२१/- |

६८. ५२-२०७५/८/२७ (समानीकरण चालु), ०५-२०७५/८/२७ (राजस्व बाँडफाँड, पूँजीगत)

**ई–हाजिरी सफ्टवेयरको प्रयोग –** कार्यालयले यस वर्ष उपर्युक्त २ बजेट उप शीर्षकबाट १० थान ई–हाजिरी सफ्टवेयर तथा सोसँग सम्बन्धित उपकरणहरु क्वालिसफ्ट कम्प्युटर सेण्टर, सिन्धुलीबाट रु. ४७०,०००।- मा खरिद गरेको पाइयो । वडा कार्यालयहरु समेतको लागि भनी खरिद गरिएका उक्त सफ्टवेयर तथा उपकरणहरु पूर्ण रुपमा प्रयोगमा ल्याएको पाइएन । अतः त्यस्ता सफ्टवेयर तथा उपकरण पूर्ण रुपमा प्रयोगमा ल्याई कर्मचारी हाजिरी व्यवस्थित र अद्यावधिक गरिनुपर्दछ ।

६९. **करार पत्रमा नभएको सुविधा प्रदान :** कार्यालयले करारमा भर्ना गरेका देहायका कर्मचारीहरुको करार सम्झौतामा चाडवर्प खर्च र पोशाक भत्ता दिने उल्लेख गरेको छैन । कार्यालयमा करारमा रहेका कर्मचारीहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रायलको “दरबन्दी भित्र करारमा रहेका र छ महिनाको अवधी पुरा गरेको कर्मचारी लाई पोशाक भत्ता उपलब्ध गराउन मिल्ने” भन्ने व्यहोराको पत्रको आधारमा ६ जना करारका कर्मचारीहरुलाई पोशाक भत्ता उपलब्ध गराएको

| | | |
|---|---|---|
| | पाइयो । सेवा करारमा कार्यरत कर्मचारीहरुको सम्झौतामा राखेर मात्र यस्ता सुविधाहरु उपलब्ध गराउनु पर्दछ । | |
| ७०. | **बेरुजु लगत एवं फछ्र्यौटको स्थिति :** कार्यालयबाट प्राप्त बेरुजु सम्बन्धी विवरण अनुसार आ.व. २०७४/७५ सम्मको बेरुजु रु. ३,७८,२४,१०५/४६ रहेकोमा यस वर्ष कुनै बेरुजु फछ्र्यौट गरेको पाइएन । उक्त बेरुजु फछ्र्यौट गरी शुन्य बनाउने तर्फ कार्यालयबाट आवश्यक पहल हुनु पर्दछ | |
| ७१. | **सम्परीक्षण –** कार्यालयले उक्त बेरुजुमध्ये लेखापरीक्षण डोर समक्ष रु. १,४७,४४,००३/- सम्परीक्षणको पेश गरेकोमा रु. १९,९९,५६३/- सम्परीक्षण गरिएको छ | |

अनुसूची- १

## मरिण गाउँपालिका, सिन्धुलीको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १. | मरिण गाउँपालिका | सिन्धुली | ३२४६३ | १०५१६६ | १५०६०९ | १८४६११ | ४४०३८६ | १३१७४९ | ९३७३० | ११५६३५ | ४०१११४ | ७१७३५ |

अनुसूची-२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| सि.न | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सिन्धुली | मरिण गाउँपालिका | ५१ | ४० | २२५६५ | ० | ५ | १५७ | ५१ | ३५ | २२४०८ | ४३५४ | ४८० | ७४४० | ० | ० | ५७५८६ | ० | १०१३४ | १०१३४ |

अनुसूची- ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | मरिण गाउँपालिका | सिन्धुली | ३७८२४ | १९९९ | ३५८२५ | ० | २२४०८ | ५८२३३ |